ग्राहक प्रति

www.abhiyandaily.com

वर्ष २० | अंक १७७ | काठमाडौं | शुक्रवार, २२ चैत २०८१ | Friday, 4 April 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक





पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८

भाइबरमा SMS मात्र गर्नुहोस्, हामी यताबाट कल गर्छौं ।



जनकपुरधामको राजस्व संकलन लक्ष्यभन्दा बढी 2

एनएसएलमा एनसेलको अफर 3

वीरगञ्ज उद्योग वाणिज्य संघ 4

सक्षम गभर्नरको अपेक्षामा निजीक्षेत्र 8


### अमेरिकाको भन्सार नीति

# प्रतिस्पर्धी देशलाई बढी भन्सार लाग्दा नेपालले फाइदा लिन सक्ने

- शून्य भन्सार सुविधा पाएका वस्तुमा पनि अब न्यूनतम १० प्रतिशत लाग्ने
- तयारी पोशाक निर्यात गर्ने व्यवसायी उत्साहित
- २०२५ मा अमेरिकामा हुने टिफा बैठकमा भन्सार घटाउन लबिङ गर्ने अधिकारीहरूको भनाइ

**हिमा वि.क**

काठमाडौं

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले बुधवार सार्वजनिक गरेको भन्सार नीतिअनुसार प्रतिस्पर्धी देशको तुलनामा नेपालमाथि लगाइएको भन्सार दर न्यून हुँदा नेपालले फाइदा लिन सक्ने सरोकारवालाहरूले बताएका छन् । हाल शून्य भन्सार दरको सुविधा पाएका नेपाली वस्तुमा भने थप कर लाग्नेछ ।

अमेरिकाले नेपाली वस्तुमा थप १० प्रतिशत भन्सार लगाउने घोषणा गरेको छ । साथै अमेरिका पुग्ने जुनकुनै देशको वस्तुमा कम्तीमा १० प्रतिशत भन्सार लगाउने नीति अमेरिकी सरकारले सार्वजनिक गरेको छ । यसका कारण शून्य भन्सार सुविधा पाइरहेका नेपाली वस्तुमा अब थप १० प्रतिशत भन्सार शुल्क लाग्ने नेपाली अधिकारी तथा व्यापार विज्ञहरूले बताएका छन् ।

नेपालका धेरै प्रतिस्पर्धी देशका वस्तुमा भने नेपाली वस्तुलाई भन्दा बढी भन्सार दर लगाइएको छ । उदाहरणको लागि ठूलो तयारी पोशाक निर्यातक देश बंगलादेशका वस्तुमा थप ३७ प्रतिशत भन्सार लगाउने घोषणा ट्रम्प प्रशासनले गरेको छ । चिनियाँ वस्तुमा ३७ र भारतीयमा २६ प्रतिशत भन्सार लाग्नेछ । दक्षिण एशियाली देशमध्ये सबैभन्दा धेरै भन्सार वृद्धि श्रीलंकाली वस्तुमा लाग्नेछ ।

यसले गर्दा नेपाली वस्तुलाई प्रतिस्पर्धाका लागि 'लेबल प्लेइङ' फिल्ड मिल्ने र नेपाली वस्तु अमेरिकामा प्रतिस्पर्धी हुने नेपाली व्यवसायी तथा विज्ञहरूको विश्वास छ ।

» बाँकी पृष्ठ ५ मा

**चालू आव २०८१/८२ को ६ महीनासम्म अमेरिका निर्यात भएका वस्तु र मूल्य**

| वस्तु | रकम रू. हजार |
|---|---|
| उलन कार्पेट | ३,३१५,७३३ |
| छुर्पी | १,५९४,६४३ |
| तयारी पोशाक | ९५६,६०३ |
| फेल्ट | ९२५,२५३ |
| पश्मिना सल | २८४,०२१ |
| ग्लास सेरामिक्स वस्तु | २२१,६३४ |
| म्युजिकल इन्स्ट्रूमेन्ट | १३१,४०१ |
| फुड प्रिपेरेसन | ११७,०३६ |
| हाते कागज | १०८,८८३ |
| अचार | २०,५१६ |
| चिया | १७,७९९ |

*स्रोत : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र*

**दक्षिण एशियाली देशलाई लगाइएको थप भन्सार दर**

| देश | भन्सार दर (प्रतिशत) |
|---|---|
| श्रीलंका | ४४ |
| बंगलादेश | ३७ |
| पाकिस्तान | २९ |
| भारत | २६ |
| भुटान | १० |
| नेपाल | १० |
| माल्दिभ्स | १० |
| अफगानिस्तान | १० |

*स्रोत : अमेरिकी सरकार*

# वैदेशिक रोजगारीमा रहेका नेपालीको उच्च आकर्षण आईपीओमा

## वैदेशिक रोजगार बचतपत्रमा भने आकर्षण न्यून

**आईपीओ विक्रीको अवस्था :**

| कम्पनीको नाम | वैदेशिक रोजगारीका नेपालीलाई जारी आईपीओ | आवेदक संख्या | आवेदन कित्ता | आवेदन (गुणामा) | बिक्री भएको |
|---|---|---|---|---|---|
| गार्डियन माइक्रो लाइफ | २२५,००० | ४७,६६२ | ३,३३०,६३० | १४.८० | सम्पूर्ण कित्ता |
| नेपाल माइक्रो इन्स्योरेन्स | २२५,००० | ५१,७९३ | १,८९८,६५० | ८.४४ | सम्पूर्ण कित्ता |
| क्रेस्ट माइक्रो इन्स्योरेन्स | २२५,००० | ५१,५०६ | १,६१५,३९० | ७.१८ | सम्पूर्ण कित्ता |
| ओम मेगाश्री फर्मास्यूटिकल्स | १८०,००० | ५१,७३१ | १,५५३,२०० | ८.६३ | सम्पूर्ण कित्ता |
| पियोर इनर्जी | १४४,००० | ५६,४०२ | १,२८२,८२० | ८.९१ | सम्पूर्ण कित्ता |

*स्रोत : सिडिएस एन्ड क्लियरिङ लिमिटेड*

**बचतपत्र बिक्रीको अवस्था :**

| बचतपत्र | बिक्री भएको हिस्सा (प्रतिशतमा) |
|---|---|
| २०७२ | ०.४०% |
| २०७३ | ०.०७% |
| २०७४ | ०.८७% |
| २०७५ | ४.२९% |
| २०७५ (क) | १०.५६% |
| २०७५ (ख) | २०% |
| २०७७ | ३३.४९% |
| २०७७ (क) | ३२.८३% |
| २०७८ | ३२% |
| २०७८ (क) | ३३.२७% |
| २०७८ (ख) | ८.४५% |
| २०७८ (ग) | २.९८% |
| २०७९ | ०.९७% |
| २०७९ (क) | २.८२% |
| २०७९ (ख) | ३.५८% |
| २०८० | १.६०% |
| २०८१ | ०.९६% |
| २०८१ (क) | ०.५८% |
| २०८२ | ८.२३% |
| २०८२ (क) | ८.२३% |
| २०८२ (ख) | ३.०७% |
| २०८३ | ७.९८% |
| २०८४ | ११.३४% |
| २०८४ (क) | ४.४९% |
| २०८५ | ०.४१% |
| २०८६ | ५.१६% |
| २०८६ (क) | १०.८४% |

*स्रोत : सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

**प्रजिता बुढाथोकी**

काठमाडौं

वैदेशिक रोजगारीमा रहेका नेपालीमा उनीहरूका लागि जारी हुने धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) मा उच्च आकर्षण रहँदा वैदेशिक रोजगार बचतपत्रमा भने निकै न्यून आकर्षण पाइएको छ ।

सरकारले वैदेशिक रोजगारीमा रहेका नेपालीको आम्दानी उत्पादनमूलक क्षेत्रमा लगानी गराउने उद्देश्यले आईपीओमा १० प्रतिशत आरक्षणको व्यवस्था गरेको छ । अर्कोतर्फ सरकारले उनीहरूबाट पूँजी संकलन गर्न हरेक वर्ष वैदेशिक रोजगार बचतपत्रसमेत जारी गरिरहेको छ ।

तथ्यांकगत रूपमा हेर्दा चालू आर्थिक वर्ष (आव) मा पाँच कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि जारी गरेको आईपीओमा भागभन्दा बढी आवेदन परी पूर्ण रूपमा बिक्री भएको छ ।

सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सीडीएससी) ले दिएको जानकारीअनुसार चालू आवमा आएका पाँच कम्पनीको आईपीओ वैदेशिक रोजगारीमा रहेका नेपालीमा पूर्ण रूपमा बिक्री भएको छ ।

सीडीएससीका सूचना अधिकारी सुरेश न्यौपानेले वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकका लागि हालसम्म जारी भएका आईपीओ सबै बिक्री भएको बताए ।

उनका अनुसार ५६ हजारभन्दा बढी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक आईपीओमा जोडिसकेका छन् । पछिल्लो समय जारी भएको पियोर इनर्जीको आईपीओ खरीदका लागि ५६ हजार ४०२ जनाको आवेदन परेको न्यौपानेले जानकारी दिएका हुन् ।

चालू आवमा सबैभन्दा पहिले आईपीओ बिक्री गरेको गार्डियन माइक्रो लाइफमा ४७ हजारभन्दा बढीको र त्यसपछिका तीन कम्पनीमा ५१ हजारभन्दा बढीको आवेदन परेको न्यौपानेको भनाइ छ ।

आव २०७९/८० को बजेटमा श्रम स्वीकृति लिएर विदेशमा काम गर्न गएका नेपालीका लागि सर्वसाधारणमा जारी हुने आईपीओमा १० प्रतिशत आरक्षणको व्यवस्था गरिएको थियो ।

उक्त व्यवस्था कालिञ्चोक दर्शनको आईपीओदेखि लागू भएको थियो । कालिञ्चोक दर्शनले २०७९ मङ्सिर १४ गतेदेखि २८ गतेसम्म वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि १ लाख ८ हजार कित्ता शेयर निष्कासन गरेको थियो ।

पहिलोपटक ६ हजार ६११ जना वैदेशिक रोजगारीमा रहेका नेपालीमा शेयर बाँडफाँट भएको थियो । शुरूमा आवेदन दिने सबैले शेयर पाए पनि पछिल्लो समय १० कित्ता पाउन पनि भाग्यले साथ दिनुपर्ने अवस्था छ ।

पछिल्लो समय मागभन्दा बढी आवेदन परेसँगै गोलाप्रथाबाट धितोपत्र बाँडफाँट हुँदै आएको छ ।

तर, चालू आवमा जारी भएका दुई किसिमका वैदेशिक रोजगार बचतपत्र भने करीब ११ प्रतिशत मात्र बिक्री भएको अवस्था छ ।

सरकारले चालू आव शुरू भएयता ५० करोड रुपैयाँ बराबरको ८ दशमलव ५ प्रतिशत ब्याजदर रहेको वैदेशिक बचतपत्र गत फागुन १५ गतेदेखि चैत १८ गतेसम्म बिक्री खुला गरेको थियो ।

उक्त बचतपत्रमध्ये १० दशमलव ८४ प्रतिशत मात्र बिक्री भएको अर्थ मन्त्रालयअन्तर्गतको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जानकारी दिएको छ ।

कार्यालयका सूचना अधिकारी मुकुन्द पोखरेलले पछिल्लो समय वैदेशिक रोजगार बचतपत्रमा पनि विदेशमा रहेका नेपालीको आकर्षण तुलनात्मक रूपमा बढेको बताए ।

२०८० चैतदेखि वैदेशिक रोजगार बचतपत्र बिक्री गर्ने जिम्मेवारी पाएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रचारप्रसारमा ध्यान दिएको उनले जानकारी दिए ।

'कार्यालयले जिम्मेवारी पाएसँगै वैदेशिक रोजगार बचतपत्रको बिक्री बढेको छ,' उनले भने, 'चालू आवमा ५० करोड रुपैयाँको वैदेशिक बचतपत्र बिक्री गर्दा ५ करोड ४२ लाख रुपैयाँ बराबरको बचतपत्र बिक्री भएको छ ।' यसअघि ५० करोड रुपैयाँको बचतपत्र बिक्री गर्दा २ करोड रुपैयाँभन्दा बढीको मात्र बिक्री भएको तथ्यांकलाई समेत उनले उल्लेख गरे ।

खाडी मुलुकमा गएका नेपाली बचतपत्रप्रति बढी आकर्षण रहे पनि उनीहरूको क्षमताले नभ्याउने र विकसित देशमा रोजगारीमा गएका नेपाली नागरिकको क्षमता भए पनि उत्साह नदेखाउने भएकाले बचतपत्र बिक्रीमा समस्या भएको बुझाइ पोखरेलको छ ।

आगामी दिनमा बचतपत्र बिक्री प्रभावकारी हुने गरी कार्यालयले काम गर्ने उनले बताए । विशेष गरी प्रचारप्रसारमा ध्यान दिएर अघि बढ्ने योजनामा कार्यालय रहेको उनको भनाइ छ ।

सरकारले आव २०६६/६७ देखि बचतपत्रमार्फत ऋण उठाउन शुरू गरेको हो । हालसम्म सरकारले २७ ओटा योजनामार्फत १७ अर्ब रुपैयाँभन्दा बढीको बचतपत्र बिक्रीका लागि आवेदन माग गरे पनि करीब ८७ करोड रुपैयाँको मात्र बिक्री भएको अवस्था छ ।

हालसम्मको बिक्रीको अवस्था हेर्दा समग्रमा ५ प्रतिशतभन्दा बढी मात्र वैदेशिक रोजगार बचतपत्र बिक्री भएको देखिन्छ ।

### विश्व बैंकले भन्यो

# अन्तरराष्ट्रिय पूँजी बजारमा पुग्ने प्रयासमा ग्रे-लिस्ट बाधक

**विजय दमासे**

काठमाडौं

**ग्रे लिस्टका प्रभाव**

- सीमापार कारोबारमा कठिनाइ आउन सक्ने
- रेमिट्यान्स घट्न सक्ने
- जोखिम बढी देखिने हुँदा विदेशी लगानीमा कमी आउन सक्ने
- वित्तीय संस्थाहरूले बढी नियामकीय जाँचको सामना गर्नुपर्दा लागत बढ्न सक्ने
- नेपालको अन्तरराष्ट्रिय प्रतिष्ठानमा असर पर्दा पर्यटन र व्यापारमा नोक्सान पुग्न सक्ने
- अन्तरराष्ट्रिय पूँजी बजारमा पहुँच पुग्याउने प्रयासमा बाधा आउन सक्ने


फाइनान्सियल एक्शन टास्क फोर्स (एफएटीएफ) ले नेपाललाई आफ्नो खैरो सूचीमा राखेपछि अन्तरराष्ट्रिय पूँजी बजारबाट ऋण उठाउने नेपालको प्रयासमा धक्का लाग्ने स्थिति बनेको विश्व बैंकले बताएको छ ।

एफएटीएफ सम्पत्ति शुद्धीकरण तथा आतंतकारीलाई वित्तीय सहयोगविरुद्ध अन्तरराष्ट्रिय मापदण्ड बनाउने र त्यसको परिपालना भए/नभएको अनुगमन गर्ने अन्तरराष्ट्रिय अन्तरसरकारी निकाय हो । यसले फेब्रुअरीमा पेरिसमा भएको प्लेनरीबाट नेपाललाई सन् २०१४ पनि पुनः आफ्नो खैरो सूची (ग्रे-लिस्ट) मा राखेको हो ।

त्यसअघि नेपालले पहिलोपल्ट आफ्नो सार्वभौम केडिट रेटिङ गराएको थियो । अन्तरराष्ट्रिय क्रेडिट रेटिङ संस्था फिचले गरेको रेटिङमा नेपालले बीबी माइनसको रेटिङ पाएको थियो ।


उक्त कम्पनीका अनुसार यो रेटिङ धेरै राम्रो नभए पनि नेपाली सरकारी अधिकारीहरूले सोचेभन्दा राम्रो रेटिङ पाएको बताउँदै आएका छन् । विश्व बैंकका अनुसार पनि यो रेटिङ सकारात्मक भने छ ।

» बाँकी पृष्ठ ५ मा










# बैंकसँग गैरबैंकिङ सम्पत्ति बिक्री गर्ने योजना भएन : राष्ट्र बैंक

**अभियान संवाददाता**

काठमाडौं


समयमै ऋण असुल्न नसक्दा गैरबैंकिङ सम्पत्ति बढे पनि त्यस्तो सम्पत्ति बिक्री गर्न बैंकहरू असफल देखिएका छन् । बैंकहरूले ३ वर्षभन्दा बढी समयदेखि गैरबैंकिङ सम्पत्ति राखे पनि तिनको व्यवस्थापनका लागि छुट्टै योजना नबनाएको नेपाल राष्ट्र बैंकले औंल्याएको छ ।

सरकारले गत असारमा ऐन संशोधन गरी बैंकहरूलाई गैरबैंकिङ सम्पत्ति बिक्री गर्न कडाइ गरेको छ । भूमिसम्बन्धी ऐन, २०२१ मा बैंक, वित्तीय संस्था र सहकारीले गैरबैंकिङ सम्पत्तिका रूपमा सकार गरेको जग्गा ३ वर्षभित्र बिक्री गर्नुपर्ने र उक्त अवधिमा बिक्री नगरे बिक्री गर्न सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था छ । 'बैंक वा वित्तीय संस्था वा सहकारी संघसंस्थाले कर्जा सुरक्षणबापत धितो लिएको जग्गा लिलाम बिक्री गर्दा कसैले लिलाम सकार नगरी सम्बद्ध बैंक वा वित्तीय संस्था वा सहकारी संघसंस्था आफैले सकार गर्दा हदबन्दीभन्दा बढी हुने भएमा त्यस्तो जग्गा सकार गरेको मितिले तीन वर्षभित्र बेचबिखन गरिसक्नुपर्नेछ,' ऐनको दफा १२ (च) मा भनिएको छ, 'सो अवधिभित्र बेचबिखन नगरेमा त्यस्तो जग्गा बेचबिखन गर्नको लागि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।'

बैंक सुपरिवेक्षण विभागले प्रकाशित गरेको गत आव २०८०/८१ को वार्षिक सुपरिवेक्षण प्रतिवेदनमा बैंकहरू ३ वर्षभन्दा पुराना गैरबैंकिङ सम्पत्ति व्यवस्थानसम्बन्धी योजना बनाउन असफल भएको बताइएको छ । प्रतिवेदनअनुसार आर्थिक गतिविधिमा कमी आउँदा घरजग्गाको कारोबार घटेको र यसबाट बैंकहरूलाई गैरबैंकिङ सम्पत्ति बिक्री गर्न समेत समस्या भएको उल्लेख छ ।

» बाँकी पृष्ठ ५ मा

**२०८१ माघसम्म कायम गैरबैंकिङ सम्पत्ति** (रकम रू. १० लाख)




*स्रोत : नेपाल राष्ट्र बैंक*

# सहकारीलाई व्यवस्थित बनाउँदै विराटनगर महानगर

विराटनगर (अस) । विराटनगरभित्र सञ्चालित सहकारीलाई व्यवस्थित बनाउन विराटनगर महानगरपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। आमसर्वसाधारणलाई सचेतनामूलक कार्यक्रमका साथै सहकारी सञ्चालकहरुलाई विभिन्न तालीमसमेत दिँदै आएको छ।

महानगरले बिहीवार सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापकहरूलाई बोलाएर अन्तरक्रिया गरेको छ। कार्यक्रममा सहकारीमा देखिएका समस्या, समाधनका उपायका विषयमा छलफल भएको थियो। सो कार्यक्रममा महानगरको सहकारी शाखाकी कर्मचारी रोजी कार्कीले सहकारीमा अभिलेख व्यवस्थापन र राष्ट्रिय सहकारी बैंक विराटनगर शाखाका प्रमुख चिरञ्जीवी तिम्सिनाले सहकारीमा बचत र ऋणको व्यवस्थापन विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए।



अन्तरक्रियामा वडा नम्बर १९ अध्यक्षसमेत रहेका महानगरको आर्थिक विकास समितिका संयोजक श्याम घिमिरे, प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद ढुंगेल, आर्थिक विकास महाशाखा प्रमुख प्रतीक गड्तौला, जिल्ला सहकारी संघ लिमिटेड मोरङका कोषाध्यक्ष अमृतबहादुर गुरुङ, जिल्ला सहकारी संघका सल्लाहकार वीरेन्द्र यादवलगायतले केही सहकारीका कारण समग्र सहकारी आन्दोलन नै बदनाम भइरहेको भन्दै चिन्ता व्यक्त गरे।

कार्यक्रममा ५८ ओटा सहकारीबाट २-२ दरले १ सय १६ जना सहभागी भएको सहकारी शाखाकी प्रमुख चाँदनी राईले जानकारी दिइन्। उनका अनुसार विराटनगरमा १ सय ७२ ओटा सहकारी महानगरमा दर्ता भई सञ्चालनमा छन्। यसअघि महानगरले सहकारीका सञ्चालक र पदाधिकारीलाई लक्षित गरेर नेतृत्व तथा व्यवस्थापन विकाससम्बन्धी कार्यशालासमेत आयोजना गरेको थियो।



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

काठमाडौंको दरबारमार्गमा सरसफाइ गर्दै महानगरपालिकाका कुचीकारहरू।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

## तपसिलका ऋणीहरुलाई क्रेडिट कार्ड कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सुचना

(प्रकाशित मिति: २०८१/१२/२२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट लिनु भएको क्रेडिट कार्ड कर्जा लिँदा गरेको शर्त बमोजिम बुझाउनु पर्ने साँवा, व्याज समेतका रकमहरु नतिरी नबुझाई क्रेडिट कार्ड कर्जा लिँदा गरेको शर्त कबुलियतको उल्लंघन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको बेवास्ता गरि क्रेडिट कार्ड कर्जा फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र हर्जाना व्याज रकम एकमुष्ट बुझाउन ल्याउन सूचित गरिएको छ । सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम बैंकलाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले बैंकलाई लेखि दिएको शर्त, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन बमोजिम तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्ने प्रकृया अघि बढाइने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

**१. ऋणीको विवरण**

हिरामान श्रेष्ठको नाति, गोविन्दमान श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २७ स्थित स्थायी ठेगाना भएको **गौतम मान श्रेष्ठ (ना.प्र.प.नं. १८३३/२०६१/२६८०६, काठमाण्डौ)**

**२ ऋणीको विवरण**

सुरज महतो चाईको नाति, श्याम प्रसाद चाईको छोरा, पर्सा जिल्ला, बहुअर्वा भाठा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **उमेश कुमार चौहान (ना.प्र.प.नं. ०५२३३९०९, पर्सा)**

**३. ऋणीको विवरण**

**लक्ष्मी महतोको नाति, राम वृक्ष महोतोको छोरा, धनुषा जिल्ला, जनकपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको** सुरेश महतो (ना.प्र.प.नं. ४९९३१७६४, धनुषा)

**४. ऋणीको विवरण**

समारती बानियाको नाति, जोगेन्द्र बानियाको छोरा, रुपन्देही जिल्ला, पइसरी गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **राजेश अग्रहरी (ना.प्र.प.नं. ३७१०२०/३८२४७, रुपन्देही)**

**५. ऋणीको विवरण**

गणेश बहादुर अच्छामीको नातिनी, राजेन्द्र अच्छामीको छोरी, भक्तपुर जिल्ला, गुण्डु गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **बवी अच्छामी (ना.प्र.प.नं. २९-०१-०६९-०१६०६, भक्तपुर)**

**६. ऋणीको विवरण**

पुष्पराज लिम्बुको नाति, मान बहादुर आङबुहाङको छोरा, ताप्लेजुङ जिल्ला, हाङपाङ गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **विजय लिम्बु (ना.प्र.प.नं. ५३०६४/२५०७, ताप्लेजुङ)**

**७. ऋणीको विवरण**

मदन सेहगलको नातिनी, दिवाकर सेहगलको छोरी, पर्सा जिल्ला, बिरगंज गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **सुदिपा के.सी. सेहगल (ना.प्र.प.नं. ३४१०२२/११५०, पर्सा)**

**८. ऋणीको विवरण**

धरेन्द्र साह सोनारको नाति, श्यामलाल साह सोनारको छोरा, बारा जिल्ला, कलैया न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको **सुरज कुमार सर्राफ (ना.प्र.प.नं. ३३१०५५/१२९७४, बारा)**

**९. ऋणीको विवरण**

खिमानन्द पौडेलको नाति, पीताम्बर पौडेलको छोरा, अर्घाखाँची जिल्ला, वाङ्ला गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **नारायण प्रसाद पौडेल (ना.प्र.प.नं. ४७२१/२९७६, अर्घाखाँची)**

**१०. ऋणीको विवरण**

जय सिंह हमालको छोरी, तरेन्द्र मल्लको पत्नी, बाँके जिल्ला, सितापुर गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **साबित्री मल्ल (ना.प्र.प.नं. ७२९७, बाँके)**

**११. ऋणीको विवरण**

कुवर साह सर्राफको बुहारी, पप्पु कुमार सर्राफको पत्नी, पर्सा जिल्ला, वीरगंज गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **आरती देवी सर्राफ (ना.प्र.प.नं. ३४-०१-७३-०८४६२, पर्सा)**

**१२. ऋणीको विवरण**

सुरज महतो चाईको नाति, श्याम प्रसाद चाईको छोरा, पर्सा जिल्ला, बहुअर्वा भाठा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **अवधेश कुमार चौहान (ना.प्र.प.नं. ३४१००७/१७२, पर्सा)**

**१३. ऋणीको विवरण**

धरकन पंडीतको छोरी, नागेन्द्र पंडितको पत्नी, बारा जिल्ला, नरही गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **देवकलिया देवी (ना.प्र.प.नं. ७५०, बारा)**

**१४. ऋणीको विवरण**

सुरज महतो चाईको नाति, श्याम प्रसाद चाईको छोरा, पर्सा जिल्ला, बहुअर्वा भाठा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **किशन कुमार चौहान (ना.प्र.प.नं. ३४-०१-७३-०१०७१, पर्सा)**

**१५. ऋणीको विवरण**

बेदर पंडितको नाति, नागेन्द्र पंडितको छोरा, पर्सा जिल्ला, नरही गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **संतोष कुमार पंडित (ना.प्र.प.नं. १०३८/२४६९०, बारा)**

**१६. ऋणीको विवरण**

गोपी महतोको नाति, सुरज महतो चाईको छोरा, पर्सा जिल्ला, बहुअर्वा भाठा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **श्याम प्रसाद चाई (ना.प्र.प.नं. ५२३१२४६, पर्सा)**

आन्तरिक राजस्व कार्यालय

# जनकपुरधामको राजस्व संकलन लक्ष्यभन्दा बढी

**मो. इन्तेखाब आलम**

जनकपुरधाम

आन्तरिक राजस्व कार्यालय जनकपुरधामले आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्ममा लक्ष्यभन्दा बढी राजस्व संकलन गरेको छ । कार्यालयले ८ महीनामा रू. २ अर्ब ८९ करोड ३३ लाख ९७ हजार राजस्व संकलन गरेको छ, जुन सो अवधिको लक्ष्यको १०१ दशमलव ५१ प्रतिशत हो ।



कार्यालयले फागुनसम्ममा आयकरबाट ६९ करोड ७१ लाख, बहाल करबाट २ करोड ७ लाख, ब्याज करबाट ६ करोड, मूल्य अभिवृद्धि करबाट ५७ करोड १७ लाख, अन्तःशुल्कबाट १ अर्ब ५४ करोड २० लाख, स्वास्थ्य शुल्कबाट २ लाख र अन्य स्रोतबाट १४ लाख राजस्व संकलन भएको प्रमुख कर अधिकृत आनन्दकुमार गुप्ताले जानकारी दिए । धनुषा जिल्लाभर विभिन्न क्षेत्रमा १ लाख ४८ हजार ४६३ व्यवसाय तथा फर्म दर्ता भएका छन् । कार्यालयका अनुसार गतवर्ष सोही अवधिमा १ लाख ३० हजार ५८० व्यवसाय तथा फर्म दर्ता थिए ।

कार्यालय प्रमुख कर अधिकृत गुप्ताका अनुसार शिक्षा स्थायी लेखा नम्बर (प्यान) लिने संस्था ९५ ओटा, अन्तःशुल्क स्थायी लेखा नम्बर लिने १ हजार ५०५, स्वास्थ्य स्थायी लेखा नम्बर लिने ६९, आयकरमा दर्ता ३९ हजार २८३, व्यक्तिगत प्यान लिने ९८ हजार २२७ र मूल्य अभिवृद्धि करमा दर्ता ८ हजार ६३१ व्यवसाय तथा फर्म रहेका छन् । नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका कार्यकारी निर्देशक प्रदीप दत्ताका अनुसार राजस्व संकलन वृद्धि हुनु सकारात्मक भए पनि व्यवसायीहरू बैंक ऋण तिर्न नसक्दा व्यवसाय बन्द गर्ने स्थितिमा पुगेका छन् । उनका अनुसार बजारमा लगानी भएको पूँजी फसेका कारण व्यवसायीहरू आर्थिक संकटमा परेका छन् ।

जनकपुरधाम क्याम्पसस्थित एण्ड बरकाती ट्रेडर्सका सञ्चालक वसीम अख्तरले पछिल्ला केही वर्षमा जनकपुरधामको व्यापार व्यवसाय शिथिल बनेको बताए । यसले समयमा आन्तरिक राजस्व तिर्न र बैंक ऋण चुक्ता गर्न कठिनाइ भइरहेको उनको भनाइ छ ।

# चितवनमा पहिलोपटक ‘क्यान बिटुसी समिट’ शुरू

चितवन (अस) । कम्प्युटर व्यवसायीहरूको छाता संस्था कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान), चितवनले पहिलोपटक ‘क्यान बिटुसी समिट चितवन-२०८१’ आयोजना गरेको छ। आयातकर्ता, अधिकृत विक्रेता र खुद्रा विक्रेताबीच सम्बन्ध विस्तार गर्ने उद्देश्यले आयोजित कार्यक्रममा सूचना प्रविधि क्षेत्रका व्यवसायी, विद्यार्थी तथा सर्वसाधारणलाई नवीनतम प्रविधि, सफ्टवेयर तथा सेवाहरूको जानकारी प्रदान गरिनेछ।

महासंघ चितवनका अध्यक्ष विष्णुप्रसाद लामिछानेका अनुसार ‘चितवनको समृद्धि, सूचना र प्रविधि’ मूल नाराका साथ आयोजना गरिएको उक्त कार्यक्रम आज (शुक्रवार) र शनिवार चितवन गार्डेन रिसोर्ट (सीजीआर)मा सञ्चालन हुनेछ । कार्यक्रमले चितवन र आसपासका सूचना प्रविधि





क्षेत्रमा संलग्न व्यवसायीबीच सम्पर्क र सम्बन्ध विस्तारमा सहयोग पुग्ने उनले बताए।

दुई दिनसम्म चल्ने कार्यक्रममा सूचना प्रविधिसम्बन्धी प्रदर्शनी तथा सेमिनारसमेत आयोजना गरिनेछ। शुक्रवार आयातकर्ता, आधिकारिक विक्रेता तथा खुद्रा विक्रेताबीच (बिटुसी) कार्यक्रम हुनेछ भने शनिवार आयातकर्ता र डिलरबीच (बिटुबी) कार्यक्रम सञ्चालन गरिनेछ।

महासंघले सूचना प्रविधिको विकासले नेपालको आर्थिक उत्पादन वृद्धि गर्ने विश्वास व्यक्त गरेको छ । नेपाली युवाशक्ति विदेश पलायन भइरहेको अवस्थामा यस्ता कार्यक्रमले उनीहरूलाई देशमै अवसर खोज्न प्रेरित गर्ने आयोजकको भनाइ छ। सूचना प्रविधिको अध्ययन गर्न इच्छुक विद्यार्थीहरूलाई समेत आवश्यक परामर्श प्रदान गरिनेछ।

चितवनमा सूचना प्रविधि क्षेत्रमा कार्यरतहरूको यकिन तथ्यांक उपलब्ध छैन । तर, महासंघको विवरणअनुसार २१० जना व्यवसायी संस्था आबद्ध छन् भने २५० भन्दा बढी युवा स्वतन्त्र रूपमा कार्यरत रहेको अनुमान गरिएको छ। महासंघले सूचना प्रविधि क्षेत्रलाई थप सशक्त बनाउन ‘क्यान इन्फोटेक’ जस्ता प्रविधि मेलाहरू आयोजना गर्दै आएको छ । यसपटक भने कार्यक्रमलाई केही भिन्न ढंगले सञ्चालन गर्न खोजिएको आयोजकले जनाएको छ।

पत्रिका नआएमा
ठेगाना परिवर्तन भएमा
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

## कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि.को ३५ दिने सूचना

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

तपसिल

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | फर्मको दर्ता नं. /दर्ता गर्ने निकाय/मिति | स्थायी लेखा नं. | स्था. लेखा नं.जारी मिति/जिल्ला | उद्देश्य | साँवा रकम रु. | मिति २०८११२ मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रेडियम निर्माण, आपूर्ति, ढुवानी तथा ड्रिलिङ्ग सेवा प्रा.लि. | काठमाण्डौ ३२, अनामनगर | ४१८५०/०६३-६४/कम्पनी रजिष्ट्राको कार्यालय/२०६३।०६।०९ | ३०२४४१०९९ | २०६३/०७/१७/ काठमाण्डौ ३ | विभिन्न | २९,८५,६०३ | २,९७,९१८ | ३२,८३,५२१ | |

प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण:

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| गोमा विष्ट | गौरीवास २, महोत्तरी | ०४९२२३५८/४५७ | महोत्तरी/२०५०।१०।५ | जगत बहादुर विष्ट | पुष्प राज विष्ट |

कृषि विकास बैंक लि.
प्रदेश कार्यालय, बीरगन्ज

3ALEPHI HYDROPOWER LTD.
## बलेफी हाईड्रोपावर लिमिटेड
BALEPHI HYDROPOWER LIMITED
रजिष्ट्रर्ड कार्यालयः का.जि., का.म.न.पा. वडा नं. १
फोन नं.: +९७७-१-५९२१९१२, फ्याक्स नं.: ०१-५९०५००४
इमेलः info.balephi@gmail.com वेभसाईटः www.balephihydro.com

## हकप्रद शेयर हितग्राही खातामा जम्मा गरिएको तथा शेयर अभौतिकीकरण गर्ने बारेको सूचना

बलेफी हाईड्रोपावर लिमिटेडको मिति २०८१/०७/२१ भन्दा अघिल्लो दिनसम्म शेयरधनी दर्ता पुस्तिकामा कायम शेयरधनीहरुलाई १ : १ (अर्थात् आफ्नो नाममा कायम एक कित्ता शेयर बराबर नयाँ एक कित्ता) शेयरको अनुपातमा जारी गरिएको हकप्रद शेयर नेपाल स्टक एक्सचेन्ज लि. र सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचीकृत तथा दर्ता भई अभौतिक रुपमा कारोबार भईसकेको व्यहोरा जानकारी गराउँदछौं ।

मिति २०८१/०७/२० गतेसम्म अभौतिकीकरण गराएका शेयरधनीहरुको हकमा हकप्रद शेयर निजहरुको हितग्राही खातामा नै जम्मा गरिएको व्यहोरा जानकारी गराउँदछौं । साथै, सो मिति पश्चात् शेयर अभौतिकीकरण तथा भौतिक रुपमा हकप्रद शेयर आवेदन गरेका शेयरधनीहरुको हकमा शेयर अभौतिकीकरण गराए पश्चात् क्रमशः शेयरधनीहरुको सम्बन्धित हितग्राही खातामा उक्त हकप्रद शेयर जम्मा हुने व्यवस्था गरिएको हुँदा हालसम्म पनि शेयर अभौतिकीकरण नगर्नु भएका शेयरधनीहरुले शेयर अभौतिकीकरण गराई आफ्नो हकप्रद शेयर समेत हितग्राही खातामा नै प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

**नोटः** धितोबन्धक राखि कर्जा लिएका शेयरधनीहरुको हकप्रद शेयर कर्जा प्रवाह गर्ने सम्बन्धित बैंक तथा वित्तीय संस्थाको स्वीकृती पत्र (No Objection Letter) प्राप्त भए पश्चात् मात्र सम्बन्धित हितग्राही खातामा जम्मा गरिने व्यहोरा यसै सूचना मार्फत अनुरोध गर्दछौं ।

**शेयर रजिष्ट्रारः**

Global IME Capital Limited
GROW WITH US

**ग्लोबल आइएमई क्यापिटल लि.**
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौं
फोन नं. ९७७-०१-५९७०१३८, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com



तस्वीर : रासस

बागलुङका चैते दशैं मेलामा विक्रीका लागि राखिएको ठेका ठेकी । पछिल्लो समय मेलामा ठेका ठेकी र डालाको व्यापार घट्दै आएको छ ।

# एनएसएलमा एनसेलको अफर

काठमाडौं (अस)। जारी एनसेल नेपाल सुपर लिग (एनएसएल) सिजन ३ को अवसरमा एनसेलले दुई आकर्षक अफर ल्याएको छ । यी अफरअन्तर्गत ग्राहकले सधैं अन रिन्यूअल प्याकमा दोब्बर डेटा र साना डेटा प्याकमा बोनस सेवा पाउनेछन् ।

बिहीवार (चैत २१)देखि लागू भएका यी दुवै अफर वैशाख १६ सम्म मान्य रहने बताइएको छ । एनएसएल डबल डेटा अफरअन्तर्गत करसहित रू. ३९९ देखि शुरू हुने सधैं अन रिन्यूअल प्याकमा दोब्बर डेटा बोनसका रूपमा प्राप्त हुनेछ । जस्तै- रू. ७९९ को मासिक सधैं अन रिन्यूअल प्याक लिने ग्राहकले प्याकमा पाइने मुख्य सेवा ३० जीबी डेटा, सबै नेटवर्कमा अनलिमिटेड कल गर्न सकिने सुविधा र सबै नेटवर्कमा पठाउन सकिने ७९ ओटा एसएमएस सेवामा थप ३० जीबी बोनस डेटा प्राप्त हुनेछ ।

हाल एनसेलले सधैं अन रिन्यूअल योजनाअन्तर्गत डेटा, भ्वाइस र एसएमएस सेवा बन्डल भएको ६ ओटा मासिक रिन्यूअल प्याक प्रदान गरिरहेको छ । प्रत्येक प्याकमा निःशुल्क अनलिमिटेड युट्यूब डेटा र राति ११ बजे देखि बिहान ७ बजेसम्म अनलिमिटेड इन्टरनेट चलाउन मिल्ने नाइट डेटा पनि समावेश रहेको बताइएको छ । करसहित रू. ७९९, ९९९ र १ हजार ४९९ को रिन्यूअल प्याकमा ३० दिनसम्म मान्य रहने प्रतिदिन रू. १ हजारका दरले अधिकतम रू. १० हजारसम्मको अस्पताल भर्ना बीमा सुविधा पनि प्राप्त हुनेछ ।

यस अफरअन्तर्गत रू. ५० मा २४ घण्टा लागि मान्य हुने '५० अनलिमिटेड डेटा' लिने ग्राहकले बोनस स्वरूप २० मिनेट एनसेलबाट अन्य एनसेल नम्बरमा कल गर्न सकिने टक टाइम प्राप्त गर्नेछन् । त्यस्तै रू. १५० मा ७ दिनसम्म मान्य हुने ७ जीबी डबल मजा प्याक किन्दा ग्राहकले बोनसका रूपमा थप २ जीबी डेटा बोनस प्राप्त गर्नेछन् ।

# नयाँ वर्षमा हुन्डाईको नयाँ योजना

काठमाडौं (अस) । हुन्डाई अटोमोबाइल्सको आधिकारीक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले नयाँ वर्ष लक्षित 'यो नयाँ वर्ष, चुज योर फ्युचर हुन्डाई सँग' योजना ल्याएको छ । यो योजना बिहीवार (चैत २१)देखि शुरू भएको बताइएको छ ।

ग्राहकको यात्रालाई विशेष बनाउन हुन्डाईले नगद छूटको अफर ल्याइएको बताइएको छ । यो अफरअन्तर्गत हुन्डाई गाडीको खरीदमा रू. ६ लाखसम्म नगद छूट प्राप्त गर्न सकिने बताइएको छ । हालै सार्वजनिक गरिएको 'चुज योर फ्युचर'को थिमसहित क्रेटा ईभी र क्रेटा आइस (मेड इन नेपाल)लाई यो अफरले थप उत्साहजनक बनाउने बताइएको छ । यो योजनामा ग्राहकले गाडी खरीद गर्दा १ वर्षसम्मको निःशुल्क बीमा तथा सवारी करका साथै तुरुन्तै मूल्यांकन तथा एक्सचेन्ज सुविधा पाउनेछन् । सबै आइस हुन्डाई गाडीमा ३ वर्ष वारेन्टी, ६ वर्षको फ्रि सर्भिसिङ र ईभी गाडीको हाई भोल्टेज ब्याट्रीमा ८ वर्ष र गाडीको अरू कम्पोनेन्टमा २ वर्ष वारेन्टी उपलब्ध हुने बताइएको छ ।

## हिमालयन डिष्टिलरीको अध्यक्षमा शंकर राज पाण्डे नियुक्त



काठमाडौं (अस) । हिमालयन डिष्टिलरीको अध्यक्षमा शंकरराज पाण्डे नियुक्त भएका छन् । यसअघिका अध्यक्ष अखिलेश्वर प्रसाद सिंहले राजीनामा दिएकाले चैत १७ गतेको कम्पनी सञ्चालक समितिको बैठकले उक्त राजीनामा स्वीकृत गरेको थियो । रिक्त रहेको सञ्चालक समितिको अध्यक्ष पदमा पाण्डेलाई नियुक्त गर्ने निर्णय चैत २० गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गरेको छ । पाण्डे यसअघि कम्पनीको सञ्चालक समिति सदस्य रहेका थिए । चैत २० गतेदेखि नै लागू हुने गरी पाण्डेलाई अध्यक्ष पदमा नियुक्त गरिएको जानकारी कम्पनीले सूचनामार्फत दिएको छ ।

## ग्लोबल आइएमई बैंकका कार्ड होल्डरलाई सेल्सबेरीमा क्यासब्याक




काठमाडौं (अस) । ग्लोबल आइएमई बैंक लिमिटेडका कार्डवाहक ग्राहकले सेल्सबेरी स्टोरमा १० प्रतिशतसम्म क्यासब्याक पाउने भएका छन् । यससम्बन्धी समझदारी पत्रमा बैंकका ट्रान्जेशन बैंकिङ विभागका सेल्स एण्ड बिजनेस प्रमुख प्रकाश पौडेल र सेल्सबेरीका प्रमुख कार्यकारी अधिकृत शुशिलमान प्रधानांगले हस्ताक्षर गरेका छन् ।

यस समझदारी अनुसार बैंकका डेबिट तथा क्रेडिट कार्डवाहक ग्राहकले सेल्सबेरीका ३७ ओटै स्टोरमा पोइन्ट अफ सेल (पोस) मेशिनमार्फत गरिने कारोबारमा प्रत्येक हप्ताको शुक्रवार १० प्रतिशत वा अधिकतम रू. २०० सम्मको क्यासब्याक पाउनेछन् । ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै बैंक विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघसंस्थाबाट फरकफरक विधामा सम्मानित भएको छ ।

## वार्षिकोत्सवमा कुमारी बैंकका विविध कार्यक्रम

काठमाडौं (अस) । कुमारी बैंक लिमिटेडले विभिन्न कार्यक्रम गरेर चौबिसौं वार्षिकोत्सव मनाएको छ । वार्षिकोत्सवको अवसरमा बैंकले आफ्ना ग्राहक तथा शुभचिन्तकप्रति कृतज्ञता व्यक्त गरेको छ । देशकै अग्रणी बैंक बन्ने आफ्नो परिकल्पना तथा योजना अनुरूप ग्राहकलाई उत्कृष्ट बैंकिङ सेवा तथा वित्तीय सुविधा प्रवाह गर्न सधैं प्रतिबद्ध रहेको बैंकको भनाइ छ ।

वार्षिकोत्सवको अवसरमा कर्मचारीलाई आ-आफ्नो परम्परा र सांस्कृतिको महत्त्व दर्शाउन 'परम्परागत भेषभुषा' पहिरन प्रोत्साहित गरेको बताइएको छ । कार्यक्रमले कर्मचारीलाई आफ्नो परम्परागत पृष्ठभूमिको प्रतिनिधित्व गर्ने पोशाकमार्फत सांस्कृतिक पहिचान तथा संवर्द्धन गर्न मद्दत पुऱ्याएको विश्वास बैंकको छ । विविध सांस्कृतिक परम्परालाई अंगाल्दै बैंकले आफ्नो कार्यक्षेत्रमा 'विविधतामा एकता' जोड दिएको बताइएको छ । यस पहलमार्फत बैंकले 'सबैका लागि सधैंका लागि' भन्ने मूल उद्देश्यभित्र रही आन्तरिक आबद्धताको भावनालाई बढावा दिन, संस्थागत संस्कृति र सामुदायिक कार्यलाई निरन्तरता दिएको बताइएको छ । साथै वार्षिकोत्सवको अवसरमा विभिन्न स्थानमा बैंकले रक्तदान कार्यक्रम आयोजना गरेको छ ।

हाल बैंकले ३०२ शाखा, ३१६ एटीएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखारहित बैंकिङ इकाईमार्फत अत्याधुनिक तथा प्रभावकारी सेवा प्रदान गर्दै आएको बताइएको छ । आगामी दिनमा पनि थप सरल, सुलभ तथा उत्कृष्ट सेवामा सहकार्य गर्दै जाने बैंकले प्रतिबद्धता व्यक्त गरेको छ ।

# एशियन लाइफ इन्स्योरेन्सको सत्रौं वार्षिकोत्सव सम्पन्न

काठमाडौं (अस) । यस एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले अठारौं वर्षमा प्रवेश गरेको छ । अठारौं वर्ष प्रवेशको अवसरमा चैत १५ गतेदेखि चैत्र २१ गतेसम्म विविध कार्यक्रम आयोजना गरिएको बताइएको छ ।




वार्षिकोत्सवको अवसरमा 'रक्तदान जीवन दान' नारालाई आत्मसात् गर्दै बिहीवार मैतीदेवीस्थित प्रधान कार्यालय परिसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ । कार्यक्रममा प्रधान कार्यालय साथै काठमाडौं उपत्यकाभित्रका शाखा, उपशाखाका कर्मचारी, विभिन्न संघ संस्थाका प्रतिनिधि समेत ७४ जनाले रक्तदान गरेका थिए । वार्षिकोत्सवका अवसरमा चैत्र १८ गते काठमाडौं उपत्यकाभित्रका कर्मचारीबीच मैत्रीपूर्ण फुटसल प्रतियोगिताको आयोजना गरिएको थियो । साथै देशभरका विभिन्न ८६ शाखा, उपशाखा कार्यालयमार्फत वृद्धाआश्रम, सामुदायिक विद्यालय, अनाथालय तथा सामाजिक संघ संस्थाहरूलाई शैक्षिक सामग्री, खाद्यान्न तथा फर्निचर लगायत रू. १० लाख बराबरको सहयोग उपलब्ध गराइएको बताइएको छ ।

वार्षिकोत्सवको अवसरमा प्रधान कार्यालयमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा कम्पनीका अध्यक्ष दिपककुमार श्रेष्ठले उत्कृष्ट बीमा सेवा प्रवाह गर्दै बीमित र शेयरधनीलाई उच्च प्रतिफल प्रदान गर्नका लागी कम्पनी प्रतिबद्ध रहेको बताएका थिए ।

कम्पनीको चालू आर्थिक वर्ष (आव) २०८१/८२ को फागुनसम्ममा जीवन बीमाकोष रू. ४४ अर्ब ६८ करोड तथा कुल बीमाशुल्क रू. ५७ अर्ब १८ करोड र कुल लगानी रू. ४९ अर्ब ३० करोड छ । यसैगरी चालू आव २०८१/८२ को फागुन मसान्तसम्ममा कुल बीमाशुल्क रू. ५ अर्ब ६९ करोड आर्जन गरेको छ । १६ लाख ४२ हजार सकृय बीमालेख रहेको कम्पनीको चुक्ता पूँजी रू. ३ अर्ब ३९ करोड ९८ लाख रहेको बताइएको छ ।

# सिटिजन्स बैंकद्वारा बेबी लाइफ होमलाई सहयोग

काठमाडौं (अस) । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले एचआईभी संक्रमित बालबालिकाको लालनपालन, स्वास्थ्य उपचार, शिक्षा, मनोरञ्जनमा काम गर्दै आएको बेबी लाइफ होमलाई सहयोग स्वरूप रू. २ लाख प्रदान गरेको छ । बैंकले आफ्नो १८औं वार्षिकोत्सवको अवसरमा उक्त सहयोग गरेको बताइएको छ । बेबी लाइफमा हाल २७ जना एचआईभी संक्रमित बालबालिका आश्रित रहेको बताइएको छ ।



विशेष गरी विपन्न समुदायका एचआईभी पोजिटिभ भएका बालबालिकाको शिक्षा प्राप्त गर्ने आधारभूत अधिकार प्राप्तिमा सघाउन उक्त सहयोग गरेको बताइएको छ । बैंकले एक कार्यक्रमका बीच संस्थाका सञ्चालक राजकुमार पुनलाई सहयोग हस्तान्तरण गरेको हो । उक्त रकम बालबालिकाको खानपान, शिक्षा र स्वास्थोपचारमा खर्च गरिने सञ्चालक पुनले जानकारी दिए । आगामी दिनमा पनि बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न कार्यक्रम सञ्चालन गर्ने योजना रहेको जानकारी गराएको छ ।

# हिमालयन रिजर्भलाई 'मोन्ड सेलेक्सन गोल्ड अवार्ड'

काठमाडौं (अस) । 'द हिमालयन रिजर्भ ह्विस्की'ले बेल्जियमको ब्रसेल्समा 'मोन्ड सेलेक्सन गोल्ड अवार्ड २०२५' जितेको छ । पुरस्कारले नेपालले विश्वस्तरीय प्रिमियम ह्विस्की उत्पादन गर्ने र अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने पुष्टि गरेको कम्पनीले बताएको छ ।

मोन्ड सेलेक्सन सन् १९६१ देखि विश्वभरका पेयपदार्थ तथा मदिराको गुणस्तर मूल्यांकन गर्ने संस्था हो । कम्पनीका अनुसार उक्त अवार्ड स्वाद, सामग्री, उत्पादन प्रविधि र समग्र उत्कृष्टताको आधारमा प्रदान गरिन्छ । हिमालयन रिजर्भ ह्विस्कीले अनुभवी सोमेलियर (मदिरा विशेषज्ञ) र मास्टर ब्लेन्डरहरूको प्यानलबाट उच्च अंक प्राप्त गरी यो सम्मान हात पारेको बताइएको छ ।

द हिमालयन रिजर्भका निर्देशक प्रदीप शार्दाले भने, 'यो पुरस्कार हाम्रो मात्र होइन, सम्पूर्ण नेपालको गर्वको विषय हो । हाम्रो उद्देश्य नेपालबाट विश्वस्तरीय ह्विस्की निर्माण गर्ने थियो । अवार्डले हाम्रो प्रतिबद्धता र उत्कृष्टतालाई अन्तरराष्ट्रिय रूपमा मान्यता दिएको छ । यो सफलता हाम्रा उपभोक्ता र नेपाली उद्योगप्रति समर्पित छ ।'

# भेरी बबई डाइभर्सन आयोजनाको प्रगति ८३ प्रतिशत

सुर्खेत । आर्थिक वर्ष २०७१/७२ मा शुरू भएको राष्ट्रिय गौरवको भेरी बबई डाइभर्सन आयोजनाको प्रगति ८३ प्रतिशतभन्दा बढी भएको छ । भेरी नदीको पानी बबईमा खसालेर बाँके र बर्दियामा सिँचाइ पुऱ्याउने लक्ष्यसहित निर्माण भइरहेको यो आयोजनाको प्रगति हाल ८३ दशमलव ७ प्रतिशत पुगेको छ ।

सुर्खेतको भेरीगंगा नगरपालिका-११ चिप्लेस्थित भेरी नदीमा बाँध बाँधेर १२ दशमलव दुई किलोमिटर सुरुङमार्फत भेरीको पानी सुर्खेत र बर्दियाको सिमानास्थित बबई नदीमा खसाल्न लागिएको छ । ४६ मेगावाट विद्युत् उत्पादनसहित बाँके र बर्दियाको करीब ५१ हजार जमीनमा सिँचाइ सुविधा पुऱ्याउने यसको लक्ष्य छ । रू. ३३ अर्ब १९ करोड ६६ लाख लागत अनुमान गरिएको आयोजनामा हालसम्म रू. १६ अर्ब ९६ करोड खर्च भइसकेको छ । बाँधस्थलमा बाँधका ६ ओटा 'वे' मध्ये दुईओटाको ढलान, ग्राभल ट्रिप, फारवे, लिफ्ट वाललगायत संरचना निर्माण भइसकेका छन् ।

'सर्ज साफ्ट' निर्माणस्थलमा स्लोप स्टेबिलाइजेसन गर्ने काम सम्पन्न भएको छ । यससँगै साफ्ट खन्न शुरू भएको आयोजनाका सूचना अधिकारी पवन अधिकारीले जानकारी दिए ।

'तीनओटा ड्राफ्ट ट्युब फिल्डमा आइसकेको छ,' उनले भने, 'इलेक्ट्रोमेकानिकलसम्बन्धी ट्रान्सफर्मर-३, टर्बाइन रनर लगायत सामान पनि आइसकेका छन् ।' विद्युत् प्रसारण लाइनसम्बन्धी सम्झौता भइसकेको र विद्युत् लाइनसम्बन्धी अध्ययन तथा इआईए अध्ययनको सम्झौता भइसकेको उनले बताए ।



**४६ मेगावाट विद्युत् उत्पादनसहित बाँके र बर्दियाको करीब ५१ हजार जमीनमा सिँचाइ सुविधा पुऱ्याउने यसको लक्ष्य छ । रू. ३३ अर्ब १९ करोड ६६ लाख लागत अनुमान गरिएको आयोजनामा हालसम्म रू. १६ अर्ब ९६ करोड खर्च भइसकेको छ ।**

आयोजनालाई चाहिने ३३ हेक्टर जग्गामध्ये गत आर्थिक वर्षमा १० दशमलव ५९ हेक्टर जग्गा प्राप्तिका लागि सूचना प्रकाशन भई जग्गाको स्वामित्व यकिन गरिसकिएको छ । ६ दशमलव पाँच तीन हेक्टर जग्गाको मुआब्जा रकम भुक्तानी भएको र बाँकी प्रक्रियामा छ । स्थानीयले पटक-पटक अवरोध गर्दा आयोजनाले गति लिन नसकेको आयोजनाले जनाएको छ । छुट भएका ऐलानी जग्गा तथा उक्त जग्गामा निर्मित संरचनाको क्षतिपूर्तिका सम्बन्धमा स्थानीयबाट आयोजनामा निवेदन पेश भई प्रक्रिया अघि बढेको छ । ऐलानी जग्गा प्राप्तिका सन्दर्भमा स्पष्ट नीति तथा कार्यविधिको अभाव रहनुका साथै ऐलानी जग्गाको स्वामित्व परिवर्तनले प्रक्रियागत जटिलता थपिने गरेको अधिकारीले बताए ।

पावर हाउस निर्माण हुने बबईको बायाँ किनारा बस्तीबाट निर्माणस्थलमा भएको अवरोध फुकाउन केही भूभागमा हाल कायम सिभिल निर्माण कार्यको ठेक्काबाट तथा अन्य भूभागमा नयाँ ठेक्काबाट निर्माण अगाडि बढाई स्थानीयवासीको माग सम्बोधन गरिएको छ । निर्माण व्यवसायीलाई आवश्यक दक्ष जनशक्ति, यन्त्र उपकरण तथा निर्माण सामग्रीलगायत उचित व्यवस्थापनमा जोड एवं निर्देशनका साथै आवश्यक समन्वय गरिएको उनको भनाइ छ । जग्गा प्राप्ति प्रक्रियामा विभिन्न समस्या आउने गरिए तापनि सहजीकरण गर्न स्थानीय प्रशासनलगायत सम्बन्धित निकायसँग समन्वय गर्दै आयोजना अघि बढिरहेको छ । ऐलानी जग्गाको हकमा पेश भएको प्रस्ताव स्वीकृत भएको र हाल कार्यान्वयनको चरणमा रहेको आयोजनाले जनाएको छ ।

सरकारले आर्थिक वर्ष २०६८/६९ देखि शुरू गर्ने भनिएको आयोजना २०७१/७२ मा मात्र शुरू भएको थियो । पहिलो चरणमा २०७६ चैत १५ सम्म सुरुङ निर्माण गर्नेगरी चाइना ओभरसिज इञ्जिनियरिङ ग्रुप (कोभेक)लाई जिम्मा दिइएको थियो । तर कम्पनीले करीब १२ दशमलव २ किलोमिटर लामो सुरुङ आफूलाई दिएको म्यादअघि नै सम्पन्न गरेको थियो । ३ वैशाख २०७६ मा प्रधानमन्त्री केपी शर्मा ओलीले सुर्खेतको भेरीगंगा-११ स्थित चिप्लेमा १२ किलोमिटर सुरुङको 'ब्रेक थ्रु' गर्नुभएको थियो । *रासस*

Birtamode Municipality
**Office of The Municipal Executive**
Birtamode, Jhapa
Koshi Province, Nepal

**Invitation for e-Bids**

**Date of Publication: 22th Chaitra 2081 (04th Mar 2025)**

Birtamode Municipality invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures. Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp.

| S.N. | Contract No. | Name of Project | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bidding Procedure | Last date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | BTMMUN/GOODS/NCB-16/081/82 | Procurement, Supply & Delivery of Sanitary Pads at Birtamode Municipality, Jhapa | 3000/- | 71,000/- | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2082/01/21 04th May 2025) 12:00 PM | 2082/01/21 04th May 2025) 01:00 PM |

**Chief Administrative Officer**

शुक्रवार, २२ चैत २०८१ । Friday, 4 April 2025
आर्थिक अभियान

मानिसहरू साहसका साथ सपनाको खोजीमा लाग्छन् भने उनीहरूका सबै सपना पूरा हुन सक्छन् ।
**- वाल्ट डिज्ने**

सम्पादकीय

# कर्मचारीतन्त्रमा सुधारका शर्त

**सरकारी कर्मचारीलाई राजनीतिक दलअनुसार ट्रेड यूनियन खोल्न दिनु हुँदैन भन्ने विषयमा छलफल भइरहँदा संघीय निजामती सेवासम्बन्धी विधेयकमा ट्रेड युनियन र कर्मचारीको 'कुलिङ पिरियड' राख्ने/नराख्ने बारेमा सांसद्हरू पनि बाँडिएका छन् । त्यसले गर्दा निजामती सेवासम्बन्धी विधेयकलाई टुंग्याउन प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिअन्तर्गत बनाइएको ११ सदस्यीय उपसमितिले यस सम्बन्धमा कुनै निर्णय गर्न सकेन । यस्तोमा सरकारी कर्मचारीले किन सरकारी सेवा चुस्तदुरुस्त प्रवाह गर्न सकेनन् भन्ने विश्लेषण गरिनुपर्छ र त्यसको एउटा कारण कर्मचारी यूनियन पनि भएकाले अब यसका बारेमा सोच्नै पर्छ ।**

**नेपालमा २०४६ सालमा प्रजातन्त्र पुनःस्थापनापछि सरकारी कार्यालयमा पनि कर्मचारी यूनियन खोल्ने लहर शुरू भएको हो । नेपाल अन्तरराष्ट्रिय श्रम संगठन (आइएलओ)को पक्षधर मुलुक भएकाले त्यसअनुसार कर्मचारीलाई कर्मचारी यूनियन खोल्न दिनुपर्ने देखिन्छ । तर, निजामती कर्मचारी भनेको स्थायी सरकार हो । सरकारले लिएका नीतिहरूलाई कार्यान्वयन गर्ने संयन्त्र हो । कर्मचारी यूनियन भनेको सामूहिक सौदाबाजी गरेर कर्मचारीको हकहित संरक्षण गर्ने हो । यसमा मालिक र कर्मचारी दुई वर्ग हुन्छ र कर्मचारीले मालिकसँग लडेर सामूहिक सौदाबाजीबाट कर्मचारी/कामदारको हित हुने काम गरिन्छ । तर, सरकारी कर्मचारी आफै सरकार हुन् । उनीहरूले कोविरुद्ध आन्दोलन गर्ने ? अर्को, सरकारी कर्मचारी संगठित हुँदा सरकारी नीति कार्यान्वयन गर्न कठिन हुन्छ । त्यसैले सरकारी कर्मचारीको यूनियन आवश्यक नै छैन । उनीहरूलाई यूनियन खोल्न दिनु भनेको सरुवाबढुवा जस्ता काममा हस्तक्षेप बढाउनु हो । सुब्बा तहको कर्मचारीले सचिवको सरुवा गराउनेसम्मका गलत अभ्यास नेपालको निजामती क्षेत्रमा भइरहेको छ । त्यसैले सामूहिक सौदाबाजीका नाममा यस्तो मनपरी हुन दिनु हुँदैन ।**

**अहिले पाँच हजार कर्मचारीको हस्ताक्षर पुऱ्याए ट्रेड यूनियन खोल्न पाइन्छ जसले गर्दा पार्टीपिच्छे ट्रेड यूनियन दर्ता भएका छन् । पहिले सुब्बा स्तरसम्मका कर्मचारी मात्र यसमा सदस्य हुन पाउँथे ।**

- **कर्मचारीतन्त्रमा रहेको विकृति रोक्ने हो भने दल आबद्ध कर्मचारी संगठनको गठन रोक्नैपर्छ ।**
- **कुनै पनि कर्मचारीलाई अवकाशपछि तुरुन्तै कुनै पनि निजी वा सरकारी कार्यालयमा काम गर्न जान रोक्नै पर्छ ।**
- **सरकारी कर्मचारी आफै सरकार हुन् । उनीहरूले कोविरुद्ध आन्दोलन गर्ने ?**

**पछि संशोधन गरेर शाखा अधिकृतस्तरसम्मका कर्मचारीसमेत सदस्य बन्न पाउने व्यवस्था भयो । यसले थप विकृति बढायो । त्यसमा पनि कर्मचारी यूनियनका पदाधिकारीलाई वर्षको एक महिना काज बिदाको विशेष सुविधा दिइयो र यूनियनका पदाधिकारीले आफ्नो कार्यक्षेत्र अनुकूल सरूवा मागे दिनुपर्ने व्यवस्था गरियो । यूनियनका नाममा कर्मचारीतन्त्रमा राजनीतीकरण भएको देखिन्छ । कर्मचारीतन्त्र व्यावसायिक हुन नसक्नु र परिणाम दिन नसक्नुको एउटा कारण यो पनि हो । त्यसैले सकेसम्म सरकारी कर्मचारीलाई ट्रेड यूनियन खोल्न दिनु हुँदैन । संसदमा यसबारे आवाज उठे पनि कुनै निर्णय भएको छैन । यदि यूनियनको अधिकार दिनै पर्ने हो भने पनि पार्टीगत आधारमा कुनै पनि हालतमा दिइनु हुन्न । सरकारहरूलाई असफल पार्नमा पनि यिनको हात छ किनभने फरक दलको सरकार आयो भने त्यसलाई असफल पार्न कर्मचारी लागिपर्छन् ।**

**यूनियन खोल्न दिने नै हो भने निजामती कर्मचारीको आधिकारिक एउटा मात्रै संगठन खोल्न दिनुपर्छ जसमा अधिकृत स्तरका कर्मचारी हुनु हुन्न । त्यसमा पनि अहिलेजस्तो कर्मचारी सरुवा जस्ता कुरामा यूनियनले दबाब दिन नसक्ने कानूनी र व्यावहारिक अवस्था बनाइनुपर्छ ।**

**संघीय निजामती कानूनमा अर्को विवादको विषय भनेको उच्च पदस्थ कर्मचारीलाई कुलिङ पिरियड राख्ने कि नराख्ने भन्नेमा देखिन्छ । कुनै पनि कर्मचारीलाई अवकाशपछि तुरुन्तै कुनै पनि निजी वा सरकारी कार्यालयमा काम गर्न जान रोक्नै पर्छ । अहिले अवकाशको मुखमा पुगेका सचिव उपसचिवहरुले अवकाशपछि काम गर्नका लागि ठाउँ बनाउने गरेका छन् । खासमा यो पदको दुरुपयोग हो । यसलाई रोक्न एकाध वर्ष कुलिङ पिरियड राख्नै पर्छ । यसो गर्दा उनीहरू जागिर छाड्नैबित्तिकै अर्को जागिरको पुल हाल्न नसक्ने हुन्छन् । कर्मचारीतन्त्रको सुधारमा राजनीतिक दलहरू, तिनका सांसदहरू र कर्मचारीहरू नै गम्भीर छन् भने यी दुई विषयमा विवाद हुन नपर्ने हो । कर्मचारीतन्त्रमा रहेको विकृति रोक्ने हो भने दल आबद्ध कर्मचारी संगठनको गठन रोक्नैपर्छ भने कुलिङ पिरियड पनि राख्नै पर्छ ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## १० महीनादेखि सडेका चामल गोदाममै


सदरमुकामस्थित नेपाल खाद्य संस्थानको डिपोमा १० महीनादेखि २ सय ३० क्वीण्टल सडेका चामल थन्किएका छन् । गत वैशाखमै स्थानीय प्रशासन र गुणस्तर नियन्त्रण इकाइले गुणस्तरहीन भएको ठहर गरी विक्रीवितरणमा रोक लगाएको चामल न फिर्ता पठाइएको छ, न त नष्ट नै गरिएको छ । खाद्य संस्थान प्रधान कार्यालयले सडेको चामल तत्काल अञ्चल कार्यालय नेपालगञ्ज फिर्ता गर्न दिएको निर्देशन पनि कार्यान्वयन भएको छैन । चामल सडेपछि गोदाम नै दुर्गन्धित भएको कार्यालयका खरिदार रामप्रसाद पौडेलले बताए ।

गतवर्ष अञ्चल कार्यालयका कर्मचारी र ठेकेदारको मिलोमतोमा वार्षिक कोटाको सडेको २ सय ३० क्वीण्टल चामल जाजरकोट पुऱ्याइएको थियो । उपभोक्ताको विरोधपछि वर्षअघि प्याक गरिएको चामल विक्रीमा रोक लगाइएको स्थानीय बताउँछन् ।

**वर्ष ८, अंक १५२, सोमवार, ७ फागुन, २०६९**

# वीरगञ्ज उद्योग वाणिज्य संघ

## ज्येष्ठ संस्थाको कनिष्ठ साख



**आठ दशकभन्दा लामो इतिहास बोकेको संघमा बारा पर्सा औद्योगिक कोरिडोरमा कुन प्रकृतिका कति उद्योग कलकारखाना छन् भन्ने यकीन तथ्यांक छैन । हचुवाका भरमा '५ सयदेखि २ हजार उद्योग र ७० प्रतिशत लगानी'को रट लगाइएको छ ।**

**ओमप्रकाश खनाल**

स्मरण हुन्छ, २०६२/६३ को आन्दोलनको सफलतापछि पनि शान्तिप्रक्रियामा आउने तयारीमा रहेको तत्कालीन नेकपा माओवादीको युद्धकालीन रापताप मत्थर भएको थिएन । औद्योगिक प्रतिष्ठानहरूमा बन्दहडतालको सिलसिला उत्कर्षमा थियो । त्यहीबेला वीरगञ्ज उद्योग वाणिज्य संघको आह्वानमा बारा पर्सामा औद्योगिक शान्तिका लागि प्रदर्शन भयो । कोरिडोरका उद्योगी, मजदूर, कर्मचारीसमेत निस्किएको त्यो प्रदर्शनमा यति धेरै सहभागिता भयो, वीरगञ्जको आदर्शनगर पुगेर प्रदर्शन समापन भइसक्दा सहभागीहरू वीरगञ्जमा भित्रिने क्रम रोकिएको थिएन । नेपालका उद्योगी व्यापारीहरूको छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघले गर्न नसकेको काम वीरगञ्ज उद्योग वाणिज्य संघले गरेको थियो । त्यति बेलै हो, सीमावर्ती शहर वीरगञ्जका व्यापारी भारतीय आपराधिक गिरोह र अनेक आवरणका भूमिगत गिरोहको आक्रमण, फोन धम्की र चन्दा आतंकको निशानामा पर्न थाले । संघले सुरक्षाको माग अघि सारेरमात्रै बसेन, सुरक्षामा राज्यको असफलताको विरोधमा दैनिकजसो धर्ना, प्रदर्शन र मुख्य सडक चोकहरूमा कालो ब्यानर टाँगेर सुरक्षा प्रभावकारी बनाउन दबाब दिइरह्यो । आज उद्योगी नेताहरू संघकै मञ्चमा प्रहरी प्रशासक र राजस्वका अधिकारीहरू गलत रबैयाबारे बोल्नसमेत धकाउँछन् ।

कुरा २०७० सालको भदौको हो, पहिलो संविधानसभा असफल भएर देश राजनीतिक तरलतामा थियो । दलहरू सहमतिको नाममा अहसमति र निषेधको राजनीतिमा लाग्दा आर्थिक सरोकारहरू ओझेलमा थिए । वीरगञ्ज उद्योग वाणिज्य संघले आर्थिक अभियान दैनिकसँगको सहकार्यमा त्यसबेला पाँच जना पूर्वप्रधानमन्त्रीलाई वीरगञ्जमा उतारेर विकासको १० वर्षे मार्गचित्रमा साझा अवधारणामा प्रतिबद्ध बनायो । राजनीतिक संक्रमण र तत्कालीन स्थानीय निकाय जनप्रतिनिधिविहीन हुँदा वीरगञ्ज उद्योग वाणिज्य संघले नै ग्रेटर वीरगञ्जको अवधारणा ल्याएर विकासको मार्गदर्शन सार्वजनिक गरेको थियो । भलै, सरकारले त्यसलाई कति अवलम्बन गऱ्यो समीक्षाको अलग विषय बन्नुपर्छ ।

वीरगञ्ज उद्योग वाणिज्य संघको इतिहास पल्टाएर हेर्दा यस्ता सन्दर्भहरू भेटिन्छन्, जहाँ उद्यम र व्यापार क्षेत्रका सरोकारहरूमा छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघलाई यसले कयौंपटक अगुवाइ गरेको छ । सरकारले विसं २०५४ मा मूल्यअभिवृद्धि कर (भ्याट) लागू गर्दा शुरूमा १० हजार रुपैयाँभन्दा बढीको सामान आयात गर्ने भ्याटमा जानुपर्ने नियम ल्याएको थियो । यसले उद्यमीमा व्यापक सकससँगै असन्तोष सृजना भयो । उद्योग वाणिज्य महासंघ, चेम्बर अफ कमर्स, समुद्रपार निकासी संघजस्ता संस्था अन्योलमा रहेका बेला वीरगञ्ज उद्योग वाणिज्य संघले थ्रेस होल्ड बढाउने एजेन्डाको अगुवाइ गरेको स्मरण गर्छन्, तत्कालीन अध्यक्ष बाबुलाल चाचान । केन्द्रीय छाता संस्थाहरू ढुलमुले नीतिमा रहेका बेला काठमाडौंबाहिरका संघहरूलाई वीरगञ्जमा उतारेर बृहत् प्रदर्शन भयो । त्यसमा केन्द्रीय संघका नेता सहभागी भए । उद्योग कलकारखाना बन्द गरेर मालिक र मजदूर सडकमा उत्रिएपछि सरकारले कार्यदल बनायो । उद्यमीले १ करोड रुपैयाँ थ्रेस होल्डको माग राखेकोमा ४५ लाख रुपैयाँमा टुंगो लाग्यो । भ्याटमा बहुदरको माग अझै पूरा भएको छैन ।

विसं २०३९ को मजदूर हडतालको निकासमा वीरगञ्ज उद्योग वाणिज्य संघको भूमिका स्मरणीय छ । त्यसताका बारा पर्सामा जम्माजम्मी ३३ ओटा उद्योग थिए । त्यस बेलाका स्थानीय निकायका अगुवाको उक्साहटमा भएको हडतालले उग्र रूप लियो । उद्योग सञ्चालक र व्यवस्थापकलाई उद्योगमै थुनेर कोठामा खुर्सानीको धूलो फाल्दिनेजस्ता कार्य भएको त्यस बेलामा अनुभवीहरू अहिले पनि सम्झिन्छन् । त्यसबेला संघका अध्यक्ष हरिप्रसाद गिरी, बाबुलाल चाचानलगायत उद्यमीले तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापा र दरबारका मानिसलाई भेटेर हडताल खुलाएका थिए ।

वीरगञ्जमा अग्रज उद्यमी बाबुलाल चाचान विसं २००७ को राजनीतिक परिवर्तनपछि वीरगञ्जमा पसलमा ६ महीनासम्म सरकारले लगाएको ताला र त्यसको निकासमा त्यति बेलाको क्लथ मर्चेन्ट एशोसिएशनको पहल सम्झिन्छन्, 'त्यस बेला यहाँ १५० दोकान थिए । ती सबैमा सरकारले सिल लगाइदियो । एशोसिएशनले त्यस बेलामा वाणिज्यमन्त्री गणेशमान सिंहलाई भेटेर तथ्य जानकारी गराएपछि बजार खुल्यो । त्यसबेला वीरगञ्जमा व्यापारीले २ लाख ५० हजार रुपैयाँ चन्दा उठाएर नारायणी अस्पताल पनि बनाए ।' क्लथ मर्चेन्ट २००१ सालमा स्थापना भएको थियो, जो २०२४ मा वीरगञ्ज उद्योग वाणिज्य संघमा रूपान्तरण भयो । नेपाल उद्योग वाणिज्य महासंघ २०२३ सालमा स्थापना भएको थियो । क्लथ मर्चेन्टको स्थापना मितिका आधारमा वीरगञ्ज उद्योग वाणिज्य संघका अधिकारीले यसलाई महासंघभन्दा जेठो संस्थाका रूपमा चिनाएका हुन् ।

२०१५ सालको आमनिर्वाचनपछि सुवर्णशमशेर अर्थमन्त्री बनेपछि उनले आयकर र भन्सारको दर निर्धारणको बोर्ड बनाएका थिए । त्यसमा तत्कालीन क्लथ मर्चेन्ट एशोसिएशनलाई सहभागी गराइएको थियो । त्यो समितिमा पनि निजीक्षेत्रबाट बाबुलाल चाचान सहभागी थिए । आज तहगत सरकारका राजस्व परामर्श र अनुगमन नाममा समितिहरूमा

- **वीरगञ्ज उद्योग वाणिज्य संघले आर्थिक अभियान दैनिकसँगको सहकार्यमा त्यसबेला पाँचजना पूर्वप्रधानमन्त्रीलाई वीरगञ्जमा उतारेर विकासको १० वर्षे मार्गचित्रमा साझा अवधारणामा प्रतिबद्ध बनायो ।**
- **वर्षमा एकाधपटक तहगत मन्त्रीहरूको वीरगञ्ज आगमनको मौका छोपेर अन्तरक्रिया गर्ने र दशकौंदेखिका थोत्रा समस्या सुनाउनेबाहेक रचनात्मक काम हुन सकेको छैन ।**


निजीक्षेत्रको उपस्थिति नाममात्रको छ । तिनै चाचान संघको अध्यक्ष हुँदा वीरगञ्जमा सुक्खा बन्दरगाह बनाउने एजेन्डामा सरकारलाई सहमत बनाएका थिए ।

यिनै अग्रज उद्यमी प्रमुख अतिथि रहेको समारोहमा वीरगञ्ज उद्योग वाणिज्य संघका पदाधिकारीहरूले पदको शपथ लिएका छन् । ८० वर्षको इतिहास बोकेको संघले आज आम उद्यमी व्यापारीका औसत एजेन्डा बोक्न छोडेको आरोप लागिरहेको छ । कुनै समय देशकै निजीक्षेत्रको अगुवाइ गर्ने संघ अहिले बारा, पर्सामा सरुवा भएर आउने प्रहरी, प्रशासन, राजस्वका अधिकारीहरूको स्वागत सत्कार र चियाचमेनामै खुम्चिएको भान हुन्छ । वर्षमा एकाधपटक तहगत मन्त्रीहरूको वीरगञ्ज आगमनको मौका छोपेर अन्तरक्रिया गर्ने र दशकौंदेखिका थोत्रा समस्या सुनाउनेबाहेक रचनात्मक काम हुन सकेको छैन । एक समय कोरिडोरका उद्योगी, आम व्यवसायी, ट्रेड युनियनसमेतको विश्वास जितेको यो संस्थाको छवि धुमिल भइरहेको छ । अहिलेको संघले कसको प्रतिनिधित्व गर्छ भन्ने विषय नै अलमलमा छ । ठूला उद्योगी व्यवसायी संघप्रति आकर्षित छैनन् । उनीहरू साधारण सदस्य बन्न पनि इच्छुक छैनन् । खुद्रा व्यवसायीहरू त खुल्लमखुला संघले आफ्ना समस्याहरू उठाउन नचाहेको र वीरगञ्जका सीमित व्यापारीहरूको क्लब बनेकोप्रति सार्वजनिक रूपमै आक्रोश पोख्छन् । संघको नेतृत्वमा नातावाद, परिवारवाद र समुदायवादको असन्तुष्टि भित्रभित्रै फैलिएको छ । संघको नेतृत्वका लागि सदस्यता र प्रोक्सीमा केही व्यापारिक घरानाहरूको नियन्त्रण राखिएको छ । स्वार्थसमूहको वर्चस्वकै लागि संघको गरिमालाई दिनदिनै आफैमा खुम्च्याउने काम भइरहेको छ ।

विगतमा कुनै पनि श्रमिक र रोजगारदाताबीचको समस्या संघको मध्यस्थतामा समाधान हुन्थ्यो । त्यसका लागि छुट्टै रोजगारदाता परिषद् गठन गरी उपाध्यक्षलाई संयोजक तोकेको छ । आज उक्त समिति पूरै निष्क्रिय छ । यस कोरिडोरका कुनै रोजगारदाता र श्रमिक समस्या लिएर संघमा आउँदैनन्, किन ? संघले विश्वास गुमाइसकेको छ । संघले स्थानीय प्रशासन, राजस्व प्रशासन र स्थानीय सरकारसँग प्रभावकारी समन्वय गर्न सकेको छैन । विगतमा शिक्षा, स्वास्थ्य, सामाजिक विकासमा संघको नेतृत्वदायी भूमिका अहिले शिथिल देखिन्छ । संघसंस्थागत व्यवस्थापनमा पनि पोख्त र पारदर्शी नभएको आरोप नयाँ होइन । पदाधिकारी र कार्यसमितिलाई छलेर लाखौं दायित्वका खर्च भएका र ती विषयमा विवाद उठेका उदाहरण सार्वजनिक हुन बाँकी छैनन् । कुनै व्यापारिक संस्थामा कर्मचारीको तलब सुविधामा कुल आम्दानीको १५ प्रतिशतसम्म खर्च हुन्छ । तर, व्यापारीहरूको छाता संस्थाको रूपमा रहेको यो संघका आम्दानीको करीब ४०/४५ प्रतिशत खर्च कर्मचारीको तलबभत्तामा गएको भन्दै कार्यसमितिमै चरम असन्तोष प्रकट हुन थालेको छ । वर्षको २ करोड रुपैयाँ हाराहारी आय भएको संघमा यस्तो खर्च ८० लाख रुपैयाँभन्दा बढी छ । वर्ष २०७९/८० मा यो खर्च १ करोड २८ लाख ४७ हजार रुपैयाँ रहेको संघको लेखापरीक्षणले देखाएको छ ।

आठ दशकभन्दा लामो इतिहास बोकेको संघमा बारा पर्सा औद्योगिक कोरिडोरमा कुन प्रकृतिका कति उद्योग कलकारखाना छन् भन्ने यकीन तथ्य छैन । हचुवामा '५ सयदेखि २ हजार उद्योग र ७० प्रतिशत लगानी'को रट लगाइएको छ । वीरगञ्जका दुईओटा भन्सारको राजस्व र व्यापारको आँकडा हेरेर राजस्वमा ५० प्रतिशत योगदानको कुरा गरिएको त छ, तर वीरगञ्ज व्यापारको प्रवेश बिन्दु र राजस्वको संकलन केन्द्रमात्रै हो भन्ने तथ्यलाई लुकाउने प्रयास गरिन्छ । बरु, वीरगञ्ज नाकाको व्यापारलाई कसरी सहजीकरण गर्न सकिन्छ र प्रवेशद्वार हुनुका कारण एउटा निश्चित अग्राधिकारको मागसहितको एजेन्डा अघि सार्दा व्यावहारिक हुन सक्छ । तथ्यभन्दा पर हावादारी तर्कले कहीं पनि पुग्न सकिँदैन । संघको साखलाई पुरानै लयमा फर्काउनु संघको वर्तमान नेतृत्वका लागि चुनौतीमात्र होइन, अवसर पनि हो ।

# अधिकारका रूपमा निःशुल्क शिक्षा



**निःशुल्क शिक्षाको हकलाई निरपेक्ष हकका रूपमा होइन, कानूनद्वारा व्यवस्थित गरिने हकका रूपमा लिनुपर्ने गरी नेपालको सर्वोच्च अदालतबाट २०६७ वैशाख ३० गते व्याख्या भइसकेको छ ।**

**- राजाराम श्रेष्ठ**

गुणस्तरीय शिक्षा पाउनु सबैको लागि आधारभूत आवश्यकता बनिसकेको छ । सभ्य समाज निर्माण गर्न, दक्ष जनशक्ति उत्पादन गर्न, सामाजिक न्याय र विकास गर्न, मानिसको जीवनलाई आर्थिक, सांस्कृतिक, सामाजिक बौद्धिक रूपमा सक्षम र समृद्ध बनाउन शिक्षाको आवश्यकता पर्छ । देशमा खुला अर्थव्यवस्थाको शुरुआत भएसँगै निजी लगानीबाट समेत विद्यालय, कलेज, व्यावसायिक तालिम प्रदायक संस्थाहरू स्थापना भएका छन् । शिक्षाका लागि राज्यले वर्षमा अर्बौंको बजेट विनियोजन गर्ने गरेको छ । सरकारी बजेटबाट देशमा थुप्रै सरकारी विद्यालयहरू स्थापना भई शिक्षा दिँदै आएका छन् । अहिले देशभरमा सार्वजनिक तथा निजी लगानीका गरी ३५ हजार ५५ ओटा विद्यालय, ११ ओटा विश्वविद्यालय, ६ ओटा स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्था १३०५ स्थापना भई सञ्चालनमा रहेको तथ्यांक छ ।

सन् १७८९ को फ्रान्सेली राज्य क्रान्ति र सन् १७७५ को अमेरिकी स्वतन्त्रता युद्धपछि नागरिक तथा राजनीतिक अधिकारलाई नै मानव अधिकारका रूपमा लिने गरिन्थ्यो । तर, रूसमा भएको सन् १९१७ को अक्टोबर क्रान्तिको सफलतापछि शिक्षालाई सामाजिक तथा आर्थिक अधिकारको रूपमा लिइनुपर्ने विचार अघि आयो । सन् १९४८ मा संयुक्त राष्ट्रसंघले जारी गरेको मानव अधिकारको विश्वव्यापी घोषणामा यसलाई सामाजिक तथा आर्थिक अधिकारका रूपमा मान्यता दिइयो । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को धारा १३ अनुसार नेपालले प्रत्येक व्यक्तिको शिक्षाको अधिकारलाई स्वीकार गरेको छ । सबैका लागि प्राथमिक शिक्षा अनिवार्य तथा निःशुल्क उपलब्ध हुने, प्राविधिक तथा व्यावसायिक, माध्यमिक र उच्च शिक्षालाई निःशुल्क बनाउने र सबैका लागि समानताको आधारमा पहुँचयुक्त बनाइने दायित्व पक्ष राष्ट्रको हुने गरी महासन्धिमा व्यक्त गरेको छ । यसका लागि पक्ष राष्ट्रले विस्तारित कार्ययोजना तयार गर्नुपर्ने र निश्चित अवधिभित्र त्यसको कार्यान्वयन गर्नुपर्ने विषयमा महासन्धिले जोड दिएको छ । त्यसैगरी महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६, बाल अधिकारसम्बन्धी महासन्धि, १९८९, आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ जस्ता अन्तरराष्ट्रिय महासन्धिले पनि लक्षित वर्गको शिक्षाको अधिकारलाई समेट्न सफल भएको छ ।

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क हुने र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने विषयलाई नेपालको संविधानको धारा ३१ मा मौलिक हकका रूपमा व्यवस्था गरिएको छ । प्रत्येक बालबालिकालाई निजको परिवार तथा राज्यबाट शिक्षा पाउने हकलाई बालबालिकाको हकको रूपमा राखेको छ । आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षामा विशेष अवसर तथा लाभ पाउने तथा जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मानसहित शिक्षामा कानूनबमोजिम प्राथमिकताका साथ अवसर पाउने गरी संविधानले सामाजिक न्यायको हकअन्तर्गत पनि शिक्षालाई महत्त्व दिएको छ । अहिलेको शिक्षालाई नागरिकको आधारभूत आवश्यकतामा राख्दै अनिवार्य गरिसकेको छ । शिक्षामा भएको निजीक्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउन राज्यले आवश्यक नीतिहरू अवलम्बन गर्न र उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने नीति राज्यको हुने कुरा संविधानमा उल्लेख हुनुले पनि अहिले शिक्षामा सबैको पहुँच पुग्ने कुरामा विवाद छैन ।

निःशुल्क शिक्षाको हकलाई निरपेक्ष हकका रूपमा होइन, कानूनद्वारा व्यवस्थित गरिने हकको रूपमा लिनुपर्ने गरी नेपालको सर्वोच्च अदालतबाट २०६७ वैशाख ३० गते व्याख्या भइसकेको छ । सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकताअनुरूपको मानव संसाधन विकास गर्ने लक्ष्यका साथ नेपाल सरकारबाट राष्ट्रिय शिक्षा नीति, २०७६ लागू गरिएको छ । आधारभूत तथा माध्यमिक शिक्षालाई नेपालको संविधानको अनुसूची ८ मा समावेश गरी स्थानीय तहको अधिकारका रूपमा राखेको छ । अधिकारको प्रयोग गर्दै गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि आवश्यक कानूनसमेत बनाउन सक्छ । प्रत्येक स्थानीय तहले आफ्नो समाज, गाउँ, शहर परिवेश सुहाउँदो स्थानीय पाठ्यपुस्तक तयार गरी पठनपाठन गर्न, गराउन सक्छ । उच्च शिक्षालाई प्रदेशको अधिकारको अनुसूची ६ मा समावेश गरी शिक्षाको चौतर्फी विकास गर्न सक्ने गरी अधिकारको बाँडफाँट गरेको छ ।

निःशुल्क शिक्षालाई व्यवहारमा कार्यान्वयन गर्न विधायिकाले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र नियमावली, २०७७ जारी गरी प्रत्येक नागरिकलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने, प्रारम्भिक तहमा बाल विकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक तथा उच्च र वैकल्पिक शिक्षा प्राप्त गर्ने विषयलाई अधिकारको रूपमा मान्यता प्रदान गरेको छ । शिक्षा प्राप्त गर्ने विषयमा कसैलाई पनि भेदभाव गर्न, विद्यार्थी भर्ना गर्न इन्कार गर्न तथा निष्कासन गर्न पाइने छैन । शिक्षा सबै जातजाति, वर्ग, आर्थिक रूपले कमजोर वर्गका लागि समेत अनिवार्य बनाइएको छ । राज्यले ४ वर्ष पूरा भई १३ वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्ने दायित्व प्रत्येक स्थानीय तहको हुने गरी कानूनमा तोकिएको छ । तर, देशको विकट गाउँमा वार्षिक परीक्षा नजिकिँदा समेत विद्यार्थीहरूको हातमा पाठ्यपुस्तक नपुग्दा भने अनिवार्य शिक्षालाई गिज्याइरहेको आभास हुन्छ ।

गुणस्तरीय शिक्षाको विकासका लागि कार्यान्वयनमा रहेको शिक्षा ऐन, २०२८ अनुसार सामुदायिक विद्यालयले कुनै किसिमको शुल्क नलिने गरी आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क प्रदान गर्न सक्छ । अपांगता भएका व्यक्तिको निःशुल्क शिक्षा उपलब्ध गराउने व्यवस्था अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले गरेको छ । बालबालिकाको सर्वोत्तम हितको लागि बालबालिकासम्बन्धी ऐन, २०७५ ले शिक्षामा बाधा अड्चन पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार प्रत्येक बालबालिकालाई दिएको छ । राष्ट्रिय चिकित्सा ऐन, २०७५ ले सार्वजनिक शिक्षण संस्थामा आधारभूत चिकित्सा विज्ञान वा क्लिनिकल विधा (मेडिकल तथा डेन्टल) अध्ययन गर्दा नेपाली विद्यार्थीलाई शिक्षण शुल्क नलिने र सरकारी शिक्षण संस्थामा सञ्चालन हुने चिकित्सा क्षेत्रको स्नातकोत्तर तह नेपाली विद्यार्थीका लागि निःशुल्क हुने व्यवस्था गरियो । विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० ले दलित, सीमान्तकृत, अपांग र आर्थिक रूपले विपन्न विद्यार्थीलाई लाग्ने अध्ययन शुल्क वापतको रकम निज अध्ययनरत शिक्षण संस्थामा अनुदान उपलब्ध गराउने व्यवस्था गरियो ।

कानूनले निजी लगानीका विद्यालय सेवामूलक र लोककल्याणकारी हुनुपर्ने भने तापनि त्यसो हुन सकेको छैन । अहिले निजी विद्यालय तथा कलेजहरूमा शिक्षा पाउन महंगो शुल्क तिर्नु अभिभावकहरूको बाध्यता भएको छ । आर्थिक रूपले पछि परेका वर्गले पनि निजी विद्यालयबाट शिक्षा प्राप्त गर्न सक्ने वातावरण राज्यले बनाउन सक्नुपर्छ । सामाजिक न्याय तथा विकासको लागि जीवनोपयोगी शिक्षालाई विद्यालय स्तरबाटै पठनपाठनमा ल्याउनुपर्छ । अहिले अनिवार्य तथा निःशुल्कशिक्षाको अधिकार संकुचित हुन पुगेको छ। उच्च शिक्षाको नाममा हुने व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्नुपर्छ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षा मन्त्रालयले आवश्यक अनुगमन गर्ने तथा निजी तथा सरकारी कलेजको लागि आवश्यक मापदण्ड तयार गरी लागू गर्ने व्यवस्था गरिनुपर्छ । सरकारले शैक्षिक विकासका लागि शिक्षाक्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै निजीक्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउनेतर्फ राज्य अग्रसर हुनुपर्छ । सबै तहको शिक्षालाई प्रतिस्पर्धी एवं गुणस्तरीय बनाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, शीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै समृद्ध राष्ट्र निर्माणमा प्रयोग गर्दै लैजानुपर्छ । गुणस्तरीय शिक्षाको माध्यमबाट मात्र दिगो विकासको लक्ष्य प्राप्त गर्न सम्भव हुन्छ ।

*लेखक अधिवक्ता हुन् ।*



तस्वीर : रासस

दाङको घोराही उपमहानगरपालिका–१८ स्थित घोरदौराका स्थानीय घरदेखि एक घण्टा टाढाबाट मूलको पानी ल्याउँदै ।

बाँकी पृष्ठ १ बाट ...

### प्रतिस्पर्धी देशलाई ...

नेपाल तयारी पोशाक उद्योग संघका अध्यक्ष पशुपतिदेव पाण्डेले ट्रम्प प्रशासनले लिएको भन्सार नीति नेपालका लागि स्वागतयोग्य भएको बताए । अरू गार्मेन्ट उत्पादन र निर्यात गर्ने मुलुकको दाँजोमा नेपाललाई लगाइएको भन्सार कम भएको हुँदा अमेरिकी कर नीति स्वागतयोग्य भएको उनको भनाइ छ । नेपालबाट अहिले छुर्पी, कार्पेटका केही उत्पादन, झण्डाको कपडा, हर्बल तेलजस्ता वस्तु शून्य भन्सारमा अमेरिका निर्यात हुन्छ ।

अमेरिकाले लगाउने भन्सारको तुलनामा अन्य देशले अमेरिकी वस्तुमा बढी भन्सार लगाएको आरोप लगाउँदै अमेरिकी सरकारले जस्तालाई तस्तै भन्सार दर लगाउने घोषणा गरेको हो । नेपालले अमेरिकी वस्तुमा औसतमा १० प्रतिशत कर लगाएको बताउँदै नेपाली वस्तुमा पनि उत्तिकै कर लगाइएको अमेरिका सरकारको भनाइ छ । बंगलादेश, भारत, चीन र श्रीलंका जस्ता देशले अधिक भन्सार लगाए पनि अमेरिकाले अझै न्यून भन्सार लगाएको अमेरिकी राष्ट्रपति ट्रम्पको भनाइ छ ।

तयारी पोशाक (गार्मेन्ट) निकासी गर्ने अन्य देशका लागि भन्सार दर बढाइएकाले नेपालले यसबाट लाभ लिन सक्ने एक व्यापार विज्ञले बताए । 'अहिले अमेरिकाले लिएको भन्सार नीतिअनुसार अन्य प्रतिस्पर्धी देशको तुलनामा नेपालको गार्मेन्ट अमेरिकामा बढी निर्यात हुने बाटो खुलेको छ,' ती विज्ञले भने, 'तत्काल अमेरिकामा गार्मेन्टको माग घट्दैन, यस्तोमा सुस्ताएको नेपाली गार्मेन्टको व्यवसायलाई ब्युँताउन सकिने अवस्था छ ।'

टेक्सटायल बढी निर्यात गर्ने मुलुकमा बंगलादेश, कम्बोडिया, भियतनाम, चीन, भारत र टर्की पर्छन् । यी देशका वस्तुमाथि अमेरिकाले नेपालको भन्दा बढी भन्सार लगाएको छ ।

'गार्मेन्ट निर्यात गर्ने मुलुकहरू बंगलादेश, भारत, भियतनामको तुलनामा नेपाली गार्मेन्टमा कम भन्सार लाग्ने भएकाले नेपालका लागि यो लाभको विषय हो,' व्यापार, अर्थतन्त्र तथा वातावरणका क्षेत्रमा काम गर्ने थिंक टयांक संस्था सावतीका कार्यकारी निर्देशक पारस खरेलले भने ।

सरकारले पनि ट्रम्प प्रशासनको नीति नेपालको लागि फाइदाजनक हुन सक्ने देखेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका वाणिज्य सचिव गोविन्दबहादुर कार्कीले नेपाली वस्तुलाई न्यून भन्सार लागेकाले अमेरिकी बजारमा पहुँच बढाउन नेपाललाई सहज हुन सक्ने बताए । 'यसमा विस्तृत बुझ्न भने बाँकी छ,' कार्कीले भने ।

अमेरिकाले १८० देशका वस्तुमा जस्ताको तस्तै भन्सार लगाउने घोषणा गरेको हो । यसले शून्य भन्सार लाग्ने नेपाली वस्तुमा पनि अब थप भन्सार लाग्ने भएको हो ।

२०७२ वैशाखको भूकम्पपछि नेपाललाई सहयोग गर्न अमेरिकाले नेपाल ट्रेड प्रिफरेन्स प्रोगामअन्तर्गत ७७ ओटा वस्तु आयात गर्दा १० वर्षसम्म शून्य दरमा भन्सार लाग्ने सुविधा दिएको थियो । त्यसैगरी, जनरलाइज्ड सिस्टम अफ प्रिफरेन्स (जीएसपी) सुविधाअन्तर्गत पनि धेरै नेपाली वस्तु अमेरिका निर्यात गर्दा शून्य भन्सार दर लाग्दै आएको थियो ।

सावतीका कार्यकारी निर्देशक खरेलका अनुसार नेपालले अमेरिकामा निर्यात गर्ने कुल वस्तुहरूको भ्यालु (मूल्य) लाई आधार मान्दा दुई तिहाइ वस्तु शून्य भन्सारमा जान्छन्,' खरेलले भने, 'भन्सार तिरेर जाने अन्य वस्तुको भने बढ्नेछ ।'

उनका अनुसार फर्निसिङका वस्तुमा ३ दशमलव २ प्रतिशत भन्सार लागिरहेकोमा अब १० प्रतिशत थपिएर १३ दशमलव ३ प्रतिशत भन्सार पुग्नेछ । गार्मेन्ट व्यवसायीका अनुसार अहिले पनि कतिपय तयारी वस्तु (एनटीटीपीको सूचीबाहेक)मा नेपालले ४ देखि ३४ प्रतिशतसम्म भन्सार तिरेर अमेरिकामा वस्तु पठाउने गरेको छ ।

अमेरिकाले शून्य भन्सार दर रहेका वस्तुमा थप भन्सार लगाउने निर्णय गरेकोमा सरकारले फेरि शून्यमै झार्न लबिइङ गर्ने सरकारले बताएको छ ।

'यद्यपि अहिलेको भन्सार नीतिको विषयमा २०२५ सेप्टेम्बरमा अमेरिकामा हुने टिफा बैठकमा छलफल गरिनेछ,' कार्कीले भने ।

उनका अनुसार अहिलेको न्यूनतम भन्सारका विषयमा दुईपक्षीय नेगोसिएशनबाट पनि केही सम्बोधन हुने अवस्था आउनेछ । नेपाल अतिकम विकसित मुलुक (एलडीसी)बाट स्तरोन्नति हुन थालेको र अमेरिकामा नेपाली वस्तुको निर्यात अंश पनि ठूलो नभएको हिसाबले अहिलेको भन्सार दर वृद्धि द्विपक्षीय रूपमा हटाउन आग्रह गर्न सकिने वाणिज्य सचिव कार्कीले बताए । सन् २०२४ को बैठक नेपालमा भएको थियो ।

व्यापार विज्ञले पनि भारतले पनि द्विपक्षीय वार्ताबाट यस्तो टयारिफ हटाउन कोसिस गर्न सक्ने बताए । 'यो विषयलाई नेपालले बिर्सन हुँदैन । भारतले अमेरिकासँग द्विपक्षीय वार्ताबाट पनि यस्तो भन्सार हटाउन प्रयत्न गर्ने संकेत गरिसकेको छ,' उनले भने ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अनुसार गत आर्थिक वर्ष (आव) २०८०/८१ मा नेपालले कुल १७ अर्ब ३१ करोड ४५ लाख रुपैयाँ मूल्यका ४०० भन्दा बढी वस्तु अमेरिका निर्यात गरेको थियो । सोही आर्थिक वर्षमा नेपालले अमेरिकाबाट १९ अर्ब ४८ करोड २४ लाख रुपैयाँ मूल्यका वस्तु आयात गरेको थियो । चालू आवको ६ महीनासम्ममा नेपालबाट कुल ८ अर्ब ६३ करोड रुपैयाँका वस्तु निर्यात गरेको छ भने यही अवधिमा अमेरिकाबाट १२ अर्ब २३ करोड रुपैयाँ बराबरको आयात नेपालले गरेको छ ।

### अन्तरराष्ट्रिय पूँजी ...

बैंकले बिहीवार सार्वजनिक गरेको नेपाल डेभलपमेन्ट अपडेट नामक प्रतिवेदनमा नेपालले पाएको डबल बी माइनस रेटिङबाट अन्तरराष्ट्रिय पूँजी बजारबाट ऋण उठाउन सरकारलाई सहज वातावरण बन्ने स्थिति बनेको थियो । तर, एफएटीएफको ग्रे-लिस्टमा परेपछि नेपालको अन्तरराष्ट्रिय पूँजी बजारमा पहुँच पुऱ्याउने प्रयासमा आघात पुगेको छ ।

ग्रे लिस्टमा पर्नुका असरहरू गम्भीर पर्ने भन्दै विश्व बैंकले भनेको छ, 'यसले सीमापार कारोबारमा कठिनाइ ल्याउन सक्छ, जसले रेमिट्यान्स घटाउन सक्छ, विदेशी लगानीमा कमी आउन सक्छ, किनभने जोखिम बढी देखिन्छ ।'

वित्तीय संस्थाहरूले बढी नियामकीय जाँचको सामना गर्नुपर्दा लागत बढ्ने, यसले नेपालको अन्तरराष्ट्रिय प्रतिष्ठानमा असर पार्दा पर्यटन र व्यापारमा नोक्सान पुऱ्याउन सक्ने प्रतिवेदनमा औंल्याइएको छ । ग्रे लिस्टमा पर्दा नेपालको अन्तरराष्ट्रिय पूँजी बजार पहुँचको प्रयासमा बाधक बन्न सक्ने खतरा रहे पनि यो संकटलाई अवसरमा बदल्न नेपालले सक्ने विश्व बैंकको प्रतिवेदनमा उल्लेख छ ।

'तर, ग्रे-लिस्ट वित्तीय क्षेत्र बलियो बनाउन र आर्थिक वृद्धिलाई टेवा पुऱ्याउन महत्त्वपूर्ण सुधार गर्ने अवसर पनि हो,' प्रतिवेदनमा भनिएको छ । 'नेपालले सुधारको लागि २ वर्षको समयसीमा पाएको छ । सरकारले समयसीमाअघि नै सुधार गरिसक्ने प्रतिबद्धता व्यक्त गरेको छ ।'

नेपाल गत २०२५ को फेब्रुअरी २१ मा एफएटीएफबाट ग्रे लिस्टमा परेको थियो । वित्तीय प्रणालीमा कमजोरी, नियामक कार्यान्वयनको अभाव, र सम्पत्ति शुद्धीकरण तथा आतंकवाद वित्तपोषणविरुद्ध नीतिको कार्यान्वयन पर्याप्त नरहेको बताउँदै एफएटीएफले ग्रे लिस्टमा राखेको थियो । ४० ओटा सिफारिशमध्ये नेपालले जम्मा २१ ओटा मात्र पूरा गर्नु चिन्ताको विषय बनेको उसले बताएको छ ।

नेपाल दोस्रोपटक ग्रे लिस्टमा परेको थियो । यसअघि २००८-२०१४ मा पनि नेपाल ग्रे लिस्टमा थियो ।

नेपालले नोभेम्बर २०२४ मा फिच रेटिङ्सबाट पहिलो सोभरेन क्रेडिट रेटिङ प्राप्त गर्नु ठूलो उपलब्धिका रूपमा विश्व बैंकले मानेको छ । कम र सहुलियतपूर्ण बाह्य ऋण, बलियो विदेशी मुद्रा सञ्चिति र जलविद्युत् क्षेत्रबाट मध्यम अवधिको वृद्धि सम्भावना नेपालका बलिया पक्षका रूपमा लिइएको छ । तर, शासकीय सूचकांक कमजोर देखिनु, प्रतिव्यक्ति जीडीपी (लगभग १,४०० अमेरिकी डलर), र सरकारको राजस्व (जीडीपीको १९ प्रतिशत) जस्ता क्षेत्रमा डबल बी पाउने अन्य देशको तुलनामा नेपाल केही कमजोर रहेको प्रतिवेदनमा औंल्याइएको छ ।

### बैंकसँग गैरबैंकिङ ...

राष्ट्र बैंकका अनुसार आव २०८०/८१ मा वाणिज्य बैंकहरूको गैरबैंकिङ सम्पत्ति ३० अर्ब १५ करोड रुपैयाँ छ । आव २०७९/८० मा यस्तो सम्पत्ति १५ अर्ब ३१ करोड रुपैयाँ बराबर थियो । चालू आव २०८१/८२ को माघसम्ममा यस्तो सम्पत्ति ३५ अर्ब ८२ करोड रुपैयाँ पुगिसकेको छ ।

गैरबैंकिङ सम्पत्ति बढ्दै गएपछि बैंकहरूले ऐनमा तोकिएको ३ वर्षको प्रावधान हटाउन लबिइङ गर्दै आएका छन् । नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइराला घरजग्गा कारोबारमा शिथिलता आएकाले गैरबैंकिङ सम्पत्ति बिक्रीमा समस्या भएको बताउँछन् । तीन वर्षको समयसीमाले बैंकहरूलाई अप्ठ्यारो परेको भन्दै यसलाई बढाउन अनुरोध गरिएको उनले जानकारी दिए ।

राष्ट्र बैंकले पछिल्लोपटक चालू आव २०८१/८२ को मौद्रिक नीतिमा गैरबैंकिङ सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने प्रयोजनका लागि सम्पत्ति व्यवस्थापन ऐनको मस्यौदा तर्जुमा सरकारलाई बुझाउने घोषणा गरेको थियो । तर, केन्द्रीय बैंकले आवको ९ महीना बित्न लाग्दासमेत ऐनको मस्यौदा बुझाउन सकेको छैन ।

सरकारले पूर्वअर्थसचिव रामेश्वर खनालको नेतृत्वमा रहेको उच्चस्तरीय आर्थिक सुधार समितिले पनि सम्पत्ति व्यवस्थापन गर्न 'खराब बैंक' स्थापना गर्न सिफारिश गरेको छ । समितिले सार्वजनिक-निजी साझेदारीमार्फत यस्तो वित्तीय संस्था बनाउन सुझाव दिएको छ ।

# व्यवसायीका चासो सम्बोधन गर्न भन्सार र राजस्व अनुसन्धानलाई आग्रह

**अभियान संवाददाता**

काठमाडौं

नेपाल समुद्रपार निकासी पैठारी संघले सीमाक्षेत्रका भन्सार कार्यालय र राजस्व अनुसन्धान कार्यालयसँग सम्बन्धित व्यवसायीका चासो र गुनासा सम्बोधन गर्न सम्बन्धित कार्यालय प्रमुखहरूलाई आग्रह गरेको छ ।



संघको एक प्रतिनिधिमण्डलले राजस्व अनुसन्धान कार्यालय पथलैया, सुक्खा बन्दरगाह सिर्सिया र वीरगन्ज भन्सार कार्यालयका प्रमुखहरूलाई भेटेर व्यवसायीले वस्तु आयातका क्रममा झेल्नुपरेका प्रक्रियागत कठिनाइ समाधानमा जोड दिएको हो । संघले नीतिगत सुधारका लागि समेत पहल गरिदिन उनीहरूलाई आग्रह गरेको संघको विज्ञप्तिमा उल्लेख छ ।

संघले राजस्व अनुसन्धान कार्यालय पथलैयाका प्रमुख हरिप्रसाद शर्मालाई आयातित वस्तुको मूल्यांकन सम्बन्धमा भन्सार कार्यालयहरूसँग समन्वय गर्न, ढुवानीकर्ता वा चालकहरूले गर्ने लापरवाहीमा व्यवसायीलाई दण्डित नगर्न र उजुरी परेको अवस्थामा गहिरो अनुसन्धान गरेर पक्राउ नगरी नहुने अवस्थामा मात्रै पक्राउ गर्न आग्रह गरेको छ । उजुरी पर्नेबित्तिकै पक्राउ गर्दा निर्दोष हुँदा हुँदै पनि व्यवसायीको प्रतिष्ठा धमिलिने जोखिम रहने र यसबाट लगानीकर्ता निरुत्साहित हुने संघको भनाइ छ । राजस्व अनुसन्धान कार्यालयलाई ढुवानी साधनको खानतलासीमा मात्र केन्द्रिन नहुन पनि संघले आग्रह गरेको छ । प्रतिनिधिमण्डलका सहभागीले एउटै भिसिटिएसबाट पटकपटक वीरगन्जदेखि काठमाडौंसम्म सामान ढुवानी हुने गरेको सूचना प्राप्त भएको भन्दै यसलाई रोक्न पनि आग्रह गरे ।

संघले वीरगन्ज क्षेत्रका प्रमुख दुई भन्सार कार्यालयका प्रमुखहरूलाई अन्य निकायसँग समेत समन्वय गरेर सीमा क्षेत्रबाट हुने अनधिकृत आयात न्यूनीकरण गर्न आग्रह गरेको छ । संघले बढी महशुल दर रहेको हार्मोनिक कोडमा वस्तु वर्गीकरण गर्ने गरेको गुनासो गर्दै हार्मोनिक कोडलाई १० डिजिटको बनाउन आग्रह गरेको छ ।

ड्यामेज वा टुटफुट भई आएका सामान भन्सार महशुल छुट दिन र त्यस्तो क्षति प्रमाणित गर्ने व्यवस्था गर्न भन्सार कार्यालयहरूलाई अनुरोध गरेको संघको विज्ञप्तिमा उल्लेख छ । त्यसैगरी गलत सामान आएको अवस्थामा फिर्ता गर्ने अवधि ९० दिनबाट बढाएर १८० दिन कायम गर्न तथा नक्कली र गुणस्तरहीन सामानको आयात रोक्नुपर्नेमा संघले जोड दिएको छ । साफ्टा सुविधा उल्लेख भएका वस्तुको हार्मोनिक कोड भन्सारको प्रणालीमा प्रविष्ट गर्दा सो सुविधा नदेखाउने समस्याको गुनासो व्यवसायीबाट आइरहेको विषयमा पनि संघले भन्सार अधिकृतहरूको ध्यानाकर्षण गराएको छ । तेस्रो मुलुकमा निर्मित पार्टपुर्जा जडान भएका मेसिन आयात गर्दा व्यवसायीले झेल्नुपरेका समस्या पनि प्रतिनिधिमण्डलले छलफलका क्रममा उठाएको छ ।

संघले नीतिगत सुधारमा कार्यान्वयन तहका अधिकारी र कार्यालयहरूको पहलकदमीले सकारात्मक नतिजा ल्याउने भन्दै सोको लागि समेत आग्रह गरेको छ । जवाफमा राजस्व अनुसन्धान कार्यालय पथलैयाका प्रमुख अनुसन्धान अधिकृत हरिप्रसाद शर्माले आशंकामा ढुवानी साधन पक्राउ गरेर ल्याउने विषय पेचिलो रहेको भन्दै आफूले त्यसो नगर्न निर्देशन दिइसकेको बताए । एउटै भिसिटिएसबाट पटकपटक सामान ढुवानी भइरहेको विषयलाई कार्यालयले गम्भीर रुपमा लिएर त्यसलाई रोक्न चनाखो रहेको पनि उनले बताए । संघले उठाएका विषयहरू राजस्व र कानुनसम्मत व्यवसायलाई बढावा दिने खालका रहेको भन्दै तिनको सम्बोधनमा आफूले सक्दो पहल गर्ने प्रतिबद्धता उनले व्यक्त गरेको संघको विज्ञप्तिमा उल्लेख छ ।

सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख धनबहादुर बरुवाल र वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्र ढुंगानाले सन्दर्भ मूल्यसूची हटाउने विषयमा भन्सार प्रशासन पनि सकारात्मक रहेको र सम्भवतः आगामी साउनबाट त्यो हट्न सक्ने बताए । आफूले आयात गरेको सामान घोषणा गर्नुअघि सरसर्ती जाँच गर्न पनि उनीहरूले व्यवसायीलाई सुझाएको संघको भनाइ छ । यसो गर्दा धेरै हदसम्म समस्या कम हुने भन्सार अधिकारीहरूको भनाइ छ ।

उनीहरूले पनि संघले उठाएका जायज चासोमध्ये आफूहरूको तहबाट काम हुनेलाई आफ्नै तहबाट र माथिल्लो तहमा पठाउनुपर्नेमा माथिल्लै तहमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका छन् । उनीहरूले पूर्वादेशका विषयमा रहेका कठिनाइ समाधान गर्नेतर्फ पनि पहल गर्ने आश्वासन दिएको संघको विज्ञप्तिमा उल्लेख छ ।

# यो वर्ष नेपालको आर्थिक वृद्धिदर साढे ४ प्रतिशत

काठमाडौं (अस) । विश्व बैंकले यो वर्ष नेपालको आर्थिक वृद्धिदर ४ दशमलव ५ प्रतिशत रहने प्रक्षेपण गरेको छ । गतवर्षको तुलनामा यस वर्ष अर्थतन्त्र विस्तारको गति धेरै हुने अनुमान विश्व बैंकले गरेको हो । गत आर्थिक वर्ष (आव) २०८०/८१ मा नेपालको अर्थतन्त्र ३ दशमलव ९ प्रतिशतले वृद्धि भएको थियो । गत असोजको बाढी र विपत्ति हुँदाहुँदै पनि मध्यमस्तरको आर्थिक वृद्धि हुने बैंकले बताएको छ ।

नेपाल विकास प्रतिवेदनअनुसार आन्तरिक व्यापार, जलविद्युत् तथा धान उत्पादन वृद्धिबाट आर्थिक वृद्धि सुधारमा मुख्य योगदान पुगेको छ । गतवर्षको तुलनामा बजारमा किनमेल बढेको तथा जलविद्युत् उत्पादन थपिएको लाभ अर्थतन्त्रलाई पुगेको छ । यस वर्ष प्रमुख कृषि बाली धानको उत्पादन पनि अहिलेसम्मकै धेरै हुन पुगेको थियो । 'नेपालले आवश्यक रोजगारी सृजना गर्न निजीक्षेत्रले अगुवाइ गरेको आर्थिक वृद्धिलाई बढावा दिनु अत्यावश्यक छ । यसलाई प्राप्त गर्न प्रमुख संरचनागत सुधारहरू कार्यान्वयन गर्न आवश्यक छ,' विश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि राष्ट्रिय विभागीय निर्देशक डेभिड सिसलेनले भनेका छन् ।

प्रतिवेदनले आगामी २ आर्थिक वर्षमा नेपालको अर्थतन्त्रले औसत ५ दशमलव ४ प्रतिशतको आर्थिक वृद्धिदर प्राप्त गर्ने प्रक्षेपण गरेको छ । यो वृद्धिमा सेवाक्षेत्रको प्रभाव उल्लेख हुने आकलन गरिएको छ ।

प्रतिवेदनले नेपालको आर्थिक परिदृश्यमा रहेका सम्भावित जोखिम खास गरी अपेक्षित प्रतिफल कम भएर लगानी निरुत्साहित भएको विषयलाई पनि औंल्याएको छ । साथै, भू-राजनीतिक र व्यापारसम्बन्धी अनिश्चितताबारे पनि उल्लेख गरिएको छ । यस्तो जोखिमका कारण नेपालको वित्तीय क्षेत्रमा ऋणको गुणस्तरमा थप गिरावट आउन सक्ने सम्भावना रहेको जनाएको छ । साथै, सरकारले बारम्बार कर्मचारीको सरुवा गर्ने कारण उत्पन्न हुने नीतिगत असंगतिको जोखिम तथा पूँजीगत बजेट कार्यान्वयनमा हुने ढिलाइका सम्बन्धमा पनि प्रतिवेदनले उल्लेख गरेको छ ।

**बकैया गाँउपालिका**

**मकवानपुर,**

**बाग्मती प्रदेश, नेपाल**

**बकैया गाँउपालिकास्थितजुइना सुकौरा खोलाको झोलखानी र देउराली आसपासका क्षेत्रबाट दिगो रवातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलनकार्य गर्नेप्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१-१२-२२)**

बाग्मती प्रदेश, मकवानपुर,जिल्ला अन्तर्गतबकैया गाँउपालिकास्थितजुइना सुकौरा खोलाको झोलखानी र देउराली आसपासकाक्षेत्रबाट दिगो रवातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलनकार्य गर्नेप्रस्तावकद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | बकैया गाँउपालिका,फोन ९८५५०८८०६६<br>इमेल : bakayagaunpalika@gmail.com, वेबसाइट :https://bakayamun.gov.np/ |
| **प्रस्तावको व्यहोरा** | बकैया गाँउपालिकास्थितजुइना सुकौरा खोलाको झोलखानी र देउराली आसपासकाक्षेत्रबाट दिगो रवातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलनकार्य गर्ने |
| **प्रभाव पर्नसक्ने जिल्ला/गा.पा./न.पा.** | बकैया गाँउपालिका,मकवानपुर, बाग्मती प्रदेश, नेपाल |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्नेक्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिका (हरु) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले सार्वजनिक सुचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र निम्न ठेगानामा आइपुग्नेगरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः**<br>बकैया गाँउपालिका,फोन ९८५५०८८०६६<br>**इमेल** : bakayagaunpalika@gmail.com,<br>**वेबसाइट** ; https://bakayamun.gov.np/ | **परामर्शदाताको नाम र ठेगानाः**<br>एडन इन्जिनियरिङ सोलुसन प्रा. लि., काठमाडौं, नेपाल, फोन ९८४६५०५३०३<br>इमेलःaddonnepal@gmail.com |

साथै राय सुझाव लिन आवश्यक भएकोले निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गैरहेको हुदा सम्पुर्ण सरोकारवालालाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

| मिति | समय | स्थान |
|---|---|---|
| २०८१-१२-२७ | विहान ९ बजे | बकैया गा.पा.-६ |

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) बोनस | प्रस्तावित लाभांश (%) नगद | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | विशेष | युनियन हाउस, अनामनगर, काठमाडौं | चैत २२ | ११:०० | | | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने | चैत १४ |
| २ | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | २०८०/८१ | कालिमाटी ब्याङ्क्वेट हल, कालिमाटी, काठमाडौं | चैत २७ | ११:०० | | | ६५ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत ८ |
| ३ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | २०८०/८१ | होटल पिस प्यालेस, बागलुङ | चैत २७ | ११:०० | ५.७५ | ०.३०२७ | ११०.७१ प्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत १५ |
| ४ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल अमुप्रस्थ ब्याङ्क्वेट एण्ड इभेन्ट्स, बुढानिलकण्ठ, काठमाडौं | वैशाख २ | ११:०० | | | एफपीओ निष्कासन गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत २२ |
| ५ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | विशेष | होटल एयरपोर्ट, विराटनगर, मोरङ्ग | वैशाख ५ | ११:०० | | | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने | चैत २८ |
| ६ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | मर्स्याङ्दी रिभर भ्यू रिसोर्ट, बन्दिपुर, तनहुँ | वैशाख ६ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत २६ |

## जलविद्युत् कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड | २२६२.२५ | ३३०० | १००० |
| २ | सिक्लेस हाइड्रोपावर लिमिटेड | ११४९.४६ | १४७५ | ४८० |
| ३ | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | १०३५.४३ | १२७५ | ४४९ |
| ४ | भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | १०२६.०९ | १३६१.७ | ५७९.१ |
| ५ | सुपर मादी हाइड्रोपावर लिमिटेड | ९६३.४९ | १६५७ | ४२१.५ |
| ६ | सुपरमाई हाइड्रोपावर लिमिटेड | ९३३.७१ | १२८३ | ६४० |
| ७ | मिड सोलु हाइड्रोपावर लिमिटेड | ८९३.१५ | ११८० | ५९४ |
| ८ | माण्डु हाइड्रोपावर लिमिटेड | ८८६.२१ | १४९३.१ | ६७२ |
| ९ | शुभम पावर लिमिटेड | ८८४.२ | ११०९.६ | ६२३.५ |
| १० | रावा इनर्जि डेभलपमेन्ट लिमिटेड | ८६१.६८ | ९९० | ४५२.२ |
| ११ | थ्रीस्टार हाइड्रोपावर लिमिटेड | ८१९.२४ | १२३१ | ४७५.४ |
| १२ | नेपाल हाइड्रो डेभलोपर लिमिटेड | ८०२ | १००२.६ | ४०८ |
| १३ | भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ७९२.५५ | १०८० | ३३७.२ |
| १४ | सयपत्री हाइड्रोपावर लिमिटेड | ७६५.१९ | ९२२ | ४४३ |
| १५ | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ७४७.२४ | ९९३.४ | ३४९.९ |
| १६ | अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड | ७३७.६ | ९६१ | ४५० |
| १७ | एशियन हाइड्रोपावर लिमिटेड | ७३२.७९ | ९०४ | ४२६.१ |
| १८ | रिभर फल्स पावर लिमिटेड | ७३०.४९ | १४८४ | ३२२.९ |
| १९ | रू रू जलविद्युत् परियोजना लिमिटेड | ७२५.८१ | ९२६.८ | ४८४.९ |
| २० | मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड | ७०९.१३ | ८६० | ३४२ |
| २१ | मन्दाकिनी हाइड्रोपावर लिमिटेड | ७०५.४८ | ११०१ | ३८४ |
| २२ | चिरख्वा हाइड्रोपावर लिमिटेड | ७०४.८८ | ९१० | ४८०.५ |
| २३ | माईखोला हाइड्रोपावर लिमिटेड | ६९०.३७ | ७६५ | ३९९ |
| २४ | माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड | ६८९.४२ | ८९०.४ | ३९५ |
| २५ | इष्टर्न हाइड्रोपावर लिमिटेड | ६८८.५३ | ९९७ | ४२३.९ |
| २६ | दोल्ती पावर कम्पनी लिमिटेड | ६८७.०८ | १०१७ | ३९०.१ |
| २७ | ईङवा हाइड्रोपावर लिमिटेड | ६७७.१७ | ८३८ | ३५९.१ |
| २८ | भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड | ६७०.६ | ८१६ | ४४५.१ |
| २९ | हिमालयन पावर पार्टनर लिमिटेड | ६५२.९३ | ६७० | २४४ |
| ३० | न्यादी हाइड्रोपावर लिमिटेड | ६३१.८९ | ८८० | २७६ |
| ३१ | पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | ६१०.२१ | ७४५.६ | २७५.१ |
| ३२ | अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड | ६१०.०८ | ७५२ | ३५६.१ |
| ३३ | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लि. | ६०९.८६ | ७९० | ३२५ |
| ३४ | सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | ५९३.८१ | ८०० | ३४३.६ |
| ३५ | माउन्टेन इनर्जी नेपाल लिमिटेड | ५९०.८२ | ८०९.५ | ४९८.१ |
| ३६ | बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | ५८९.५३ | ८२९.७ | ४५५.७ |
| ३७ | मेन्छियाम हाइड्रोपावर लिमिटेड | ५७५.६८ | ७१४ | ३४९.१ |
| ३८ | मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड | ५४६.२४ | ७३५ | ४०२ |
| ३९ | मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड | ५४०.३५ | ६९६ | २९४ |
| ४० | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड | ५३९.५३ | ६४९.५ | ३०२.१ |
| ४१ | सामलिङ्ग पावर कम्पनी लिमिटेड | ५३९.२४ | ७२२ | ४६४ |
| ४२ | राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड | ५३६.१६ | ७०८ | ३०४.१ |
| ४३ | तेह्रथुम पावर कम्पनी लिमिटेड | ५३४.५७ | ६७१.६ | ४१० |
| ४४ | त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ५२९.४२ | ६९७ | ४३१ |
| ४५ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५२६.१६ | ६२७ | २९८ |
| ४६ | कालिका पावर कम्पनी लिमिटेड | ५२४.२५ | ६५२.४ | ३८०.२ |
| ४७ | पिपुल्स पावर लिमिटेड | ५२३.३६ | ६८३.४ | ४२८ |
| ४८ | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | ५१८.६४ | ६३७ | ३४८ |
| ४९ | मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड | ५१६.९६ | ६५५ | ३५५ |
| ५० | अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५१५.९४ | ६९३ | ३१७ |
| ५१ | बरुण हाइड्रोपावर कम्पनी लिमिटेड | ५१२.६६ | ५५० | २११ |
| ५२ | हिमालयन हाइड्रोपावर लिमिटेड | ५०६.३९ | ६३५ | ३३०.५ |
| ५३ | ग्रीन भेन्चर्स लिमिटेड | ५०५.२ | ६९९.९ | ४०२.४ |
| ५४ | साहस उर्जा लिमिटेड | ५०३.६५ | ७२५ | ४०९.५ |
| ५५ | बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड | ५०१.५४ | ७४२ | ४२२ |
| ५६ | चिलिमे जलविद्युत् कम्पनी लिमिटेड | ४८१.४८ | ६९७ | ४२६.३ |
| ५७ | सानिमा माई हाइड्रोपावर लिमिटेड | ४७९.९६ | ६८० | ३१६ |
| ५८ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड | ४७९.८१ | ५९९.७ | २९५.१ |
| ५९ | राधी विद्युत् कम्पनी लिमिटेड | ४४०.६१ | ४७७ | २२३.२ |
| ६० | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | ४४०.१५ | ४७४ | २२३.१ |
| ६१ | बुटवल पावर कम्पनी लिमिटेड | ३९७.२ | ५३६.५ | २८४.४ |
| ६२ | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | ३९४.६५ | ४२७.२ | १८५.३ |
| ६३ | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | ३८१.९९ | ५२७ | २६०.३ |
| ६४ | दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड | ३७४.४ | ६९६ | ३५६.४ |
| ६५ | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ३७४.०९ | ५२१.६ | २६५ |
| ६६ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ३४५.५५ | ४७५ | २०९ |
| ६७ | सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | ३२५.४९ | ३८९ | २२०.२ |
| ६८ | सान्जेन जलविद्युत् कम्पनी लिमिटेड | ३२१.९९ | ४४२ | २५६ |
| ६९ | मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड | ३२१.०२ | ४३३ | २७९.३ |
| ७० | पाँचथर पावर कम्पनी लिमिटेड | ३१८.०१ | ३६७.२ | २२० |
| ७१ | मोदी ईनर्जी लिमिटेड | ३१६.६३ | ३९३ | २१५ |
| ७२ | युनियन हाइड्रोपावर लिमिटेड | ३१४.५७ | ३७१ | २१२.६ |
| ७३ | वलेफी हाइड्रोपावर लिमिटेड | ३०५.३६ | ५२० | २८७.१ |
| ७४ | यूनिभर्सल पावर कम्पनी लिमिटेड | २९५.६९ | ३४५ | १८३ |
| ७५ | पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड | २९५ | ३४८.८ | २१४.२ |
| ७६ | अपि पावर कम्पनी लिमिटेड | २७४.८६ | ३९० | १६२ |
| ७७ | घलेम्दी हाइड्रो लिमिटेड | २७४.११ | ३१८ | १४१ |
| ७८ | ङादी ग्रुप पावर लिमिटेड | २६५ | ५७१ | २५० |
| ७९ | माउन्टेन हाइड्रो नेपाल लिमिटेड | २६२.३८ | ३७९ | २१५.७ |
| ८० | सिंगटी हाइड्रो इनर्जी लिमिटेड | २५३.२ | ३३४.४ | १४३.१ |
| ८१ | अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | २५२.४७ | ३४९ | १४९ |
| ८२ | हिमालय उर्जा विकास कम्पनी लिमिटेड | २४०.३ | ३२६.६ | १८३.६ |
| ८३ | ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड | २३९.४२ | ३३६ | १९६ |
| ८४ | शिव श्री हाइड्रोपावर लिमिटेड | २३०.२३ | २८१.१ | १५४ |
| ८५ | अरुण काबेली पावर लिमिटेड | २२७.२८ | ३२६ | १५७.२ |
| ८६ | रिडी पावर कम्पनी लिमिटेड | २२२.६८ | ३११ | १५४.५ |
| ८७ | नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | २०७.८ | २९० | १३६ |
| ८८ | लिवर्टी इनर्जी कम्पनी लिमिटेड | २०७.५४ | ३४४ | १७५.१ |
| ८९ | आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड | २०३.१६ | २७४.९ | १५०.९ |
| ९० | अपर तामाकोशी हाइड्रोपावर लिमिटेड | २००.७७ | २९५ | १५२.१ |
| ९१ | हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड | १९९.१७ | २७३ | १२३.३ |

## निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १५०३९.७६ | २२४९३.९ | १२८०० |
| २ | प्रभु इन्स्योरेन्स लिमिटेड | ९३९.१९ | १११३ | ७४० |
| ३ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ९०१.९६ | १३८२ | ७३२ |
| ४ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | ८२९.६ | १०७६ | ७११.५ |
| ५ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ८०९.७७ | ११६२ | ७९६ |
| ६ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | ७७५.९८ | ११२० | ६६९.४ |
| ७ | नेको इन्सुरेन्स लिमिटेड | ७५१.६३ | १०५० | ७४० |
| ८ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स क. लि. | ७१४.६ | ९२६ | ६०२ |
| ९ | यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | ६३८.४८ | ८३७.३ | ५१५.५ |
| १० | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | ६०४.१६ | ८१० | ५५३.३ |
| ११ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | ६०३.२७ | ८१७.१ | ५०८.१ |
| १२ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | ५७०.५६ | ७६० | ५०८ |

## नेपाल धितोपत्र बोर्डमा पाइपलाईनमा रहेका ऋणपत्र

| क्र.सं. | ऋणपत्रको नाम | ब्याज (प्रतिशत) | अवधि (वर्ष) | निष्कासन हुने कित्ता | सर्वसाधारणमा निष्कासन (कित्ता) | प्राइभेट प्लेसमेन्ट (कित्ता) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८% प्राइम डिबेन्चर २०९१ | ८.०० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २ |
| २ | ६% निफ्रा उर्जा डिबेन्चर २०८८/८९ | ६.०० | ७ | ५,०००,००० | २,०००,००० | ३,०००,००० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ कात्तिक १४ |
| ३ | ७.२५% एसबिएल डिबेन्चर २०९१ | ७.२५ | १० | २,५००,००० | १,०००,००० | १,५००,००० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ फागुन ११ |
| ४ | ९% गुहेश्वरी डिबेन्चर २०८९ | ९.०० | ८ | २६०,००० | १०४,००० | १५६,००० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ चैत ३ |
| ५ | ८.५% सिटिजन्स बैंक डिबेन्चर २०९० | ८.५० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | हिमालयन क्यापिटल लिमिटेड | २०८० माघ १२ |
| ६ | ७% नेपाल एसबिआई बैंक डिबेन्चर २०९० | ७.०० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ ०२ |
| ७ | ७% नबिल डिबेन्चर २०८९ | ७.०० | ८ | ३,०००,००० | १,२००,००० | १,८००,००० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. | २०८१ असार १४ |
| ८ | ८% शाइन रेसुङ्गा डिबेन्चर | ८.०० | १० | १,०००,००० | ४००,००० | ६००,००० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज १४ |

## लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ५०२५.६८ | ६७३५ | १९१० |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ३३०१.०६ | ६६०० | १२९५ |
| ३ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २८१५.१५ | ३४८६ | १५६० |
| ४ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २७८८.५ | ४२७१ | १२१२.३ |
| ५ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | २५९९.२८ | ४१८१ | १७८० |
| ६ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २४५५.८२ | ४०२६.२ | १३०० |
| ७ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २२५७.९४ | २६४८.७ | १६४७ |
| ८ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २२२४.५८ | ३२२३ | १५६५ |
| ९ | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २१७६.४ | २९०७ | १०१३ |
| १० | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १९५०.२३ | ३०४७ | ८०४ |
| ११ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १८६०.५७ | २४२६.४ | ११११ |
| १२ | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | १८३०.९२ | २६४१ | १६४१ |
| १३ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | १७५१.१३ | २५३० | १०१७.९ |
| १४ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | १६४०.०५ | २३६३.३ | १३२० |
| १५ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १६०९.७८ | २३२७ | १०७५ |
| १६ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १६०६.८८ | १९५८ | १३२१ |
| १७ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | १५७०.३८ | २२५० | १०९१ |
| १८ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १५२८.३९ | २०१९ | ९६९ |
| १९ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | १४६६.५ | १८६०.४ | १०७० |
| २० | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १३३५.७५ | १९२० | १२६९.१ |
| २१ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १२६४.०५ | १८५१ | १०६२.१ |
| २२ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | १२६२.९६ | १८१५ | ९४६.१ |
| २३ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | १२३०.३३ | १७१६ | ८२० |
| २४ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | १२००.९४ | १७२७ | १११५ |
| २५ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ११८७.०५ | १७३९ | १०८० |
| २६ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | १०८६ | १२८५ | ७३२.५ |
| २७ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०८०.२४ | १४९१ | ७३०.४ |
| २८ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १०७१.०५ | १३०६.८ | ६५०.३ |
| २९ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०६८.१६ | १४२८ | ८४० |
| ३० | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ९७१.६५ | १२५० | ६४० |
| ३१ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | ९७०.८७ | १४४७ | ६८१.१ |
| ३२ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३८.०१ | १४७०.८ | ६८७ |
| ३३ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | ९२३.३८ | १४९२ | ९०५ |
| ३४ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ८८५ | ११९० | ६६५ |
| ३५ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ८७०.४४ | ११७४ | ६७० |
| ३६ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८५२.७२ | ११५५ | ८०० |
| ३७ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३४.०८ | ९८७ | ६०० |
| ३८ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२९.७५ | ११७७ | ६९६.२ |
| ३९ | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२८.३ | १२७१ | ६९४.२ |
| ४० | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२७.२७ | १२३२ | ७११.५ |
| ४१ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | ७९७.९२ | ११०५ | ७८१ |
| ४२ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७८१.७१ | १०९९ | ६७० |
| ४३ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ७७३.६३ | १००४ | ५९४.३ |
| ४४ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७४०.५२ | १२१४.८ | ७०७ |
| ४५ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७३२.०१ | ९१८ | ५८१ |
| ४६ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७३०.७९ | ८९० | ५९० |
| ४७ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ७२४.०५ | ९८० | ६०२ |
| ४८ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६८३.५ | ९३०.२ | ६१३ |
| ४९ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ६६३.२६ | ९८८ | ५९५ |
| ५० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ६५२.७८ | ९०७ | ६०१ |

## जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | २४२४.१५ | २७७८ | ३०१ |
| २ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | १००४.३६ | २४७५ | ९७५ |
| ३ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७७८.८७ | १०६० | ५६६ |
| ४ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७६८.३७ | ८३१ | ५२३ |
| ५ | सन नेपाल लाइफ इन्स्योरेन्स लि. | ६४६.२६ | ७४४.५ | ४४७.२ |
| ६ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि. | ६३२.४५ | ७७६.१ | ५२१.३ |
| ७ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लि. | ५५६.२४ | ७३२.२ | ४७३ |
| ८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि. | ५४३.७९ | ६००.१ | ४१२ |
| ९ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ५०२.२५ | ७७४.९ | ४३० |
| १० | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लि. | ४६८.५४ | ६०६ | ४१२.५ |
| ११ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. | ४४८.५३ | ६४४ | ३९५.१ |
| १२ | हिमालयन लाइफ इन्स्योरेन्स लि. | ४३८.९३ | ६०७ | ३६४.१ |
| १३ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि. | ४१६.३८ | ६५४ | ४०३.१ |

## 'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १६४५.४६ | १९२६ | ७८५ |
| २ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | १३४६.०६ | १३८९.९ | ६३०.१ |
| ३ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | १०५८.१७ | ११५६ | ५१२ |
| ४ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड | ९६९.६६ | १२६४ | ६७८ |
| ५ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ९०१.५७ | १२१४ | ८०० |
| ६ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | ४९६.६१ | ६४५ | ३३८.१ |

## होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कालिञ्चोक दर्शन लिमिटेड | ११०२.९ | १३८१ | ७५२.१ |
| २ | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड | १०४०.०३ | १५३८ | ६९५.१ |
| ३ | ओरियण्टल होटल्स लिमिटेड | ८८६.६१ | १२०५ | ७०४ |
| ४ | चन्द्रागिरि हिल्स लिमिटेड | ८६९.२५ | १३६० | ७६० |
| ५ | सिटि होटल लिमिटेड | ८५३.३७ | ११६८.५ | ५६२ |
| ६ | सोल्टी होटल लिमिटेड | ४८६.३६ | ६३६.५ | ४१६.५ |

# सानिमा रिलायन्स लाइफको नगद लाभांश वितरण

काठमाडौं (अस) । सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले यस वर्षको नगद लाभांश वितरण गरेको छ । कम्पनीले चैत ८ गते सम्पन्न वार्षिक साधारणसभाबाट कुल ९ दशमलव २५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको थियो । यस वर्ष गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कम्पनीले हाल कायम चुक्तापूँजीको आधारमा १ दशमलव २५ प्रतिशत बोनस शेयर र ८ प्रतिशत नगद लाभांश (कर समेत) वितरण गर्ने निर्णय गरेको हो ।

बोनस शेयर धितोपत्र दोस्रो बजारमा सूचीकृतपछि वितरण गर्ने तयारीमा रहेको कम्पनीले नगद लाभांश भने सम्बन्धित शेयरधनीहरूको बैंक खातामा जम्मा गर्न शुरू गरिएको जानकारी दिएको हो । साधारणसभा प्रयोजनका लागि कम्पनीले फागुन २६ गते बुक क्लोज गरेकाले फागुन २५ गतेसम्म कायम शेयरधनीहरूले मात्र कम्पनीको लाभांश प्राप्त गरेका हुन् ।

साथै, आर्थिक वर्ष २०७९/८० को मुनाफाबाट १८ दशमलव ३८११ प्रतिशत बोनस शेयर वितरण गर्न लाग्ने लाभांश कर तिर्न बाँकी रहेका सदस्यहरूको यस वर्ष वितरण गरिने नगद लाभांशमा कट्टा गरी बोनस शेयर हितग्राही खातामा जम्मा गरिने जानकारी पनि कम्पनीले दिएको छ । कम्पनीको शेयर रजिष्ट्रारमा सानिमा क्यापिटल लिमिटेड रहेको छ ।

## एशियाली शेयर बजारका सूचक (अपडेट : २०२५ अप्रिल ३)

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ७६,२९५.३६ | -०.४२% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २३,२५०.१० | -०.३५% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ३४,७३५.९३ | -२.७७% |
| हङकङ स्टक एक्सचेन्ज | हाङ्सङ् | २२,८४९.८१ | -१.५२% |
| साङ्हाई स्टक एक्सचेन्ज | साङ्हाई एसई कम्पोजिट इन्डेक्स | ३,३४२.०१ | -०.२४% |

## विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १८१९.८९ | २०६० | ४०० |
| २ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | १७८७.९६ | २८४२.३ | ४०५ |
| ३ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १३२३.१५ | २००१.४ | ३६० |
| ४ | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | १११२.४८ | १६२२.७ | २८५ |
| ५ | सिन्धु विकास बैंक लिमिटेड | ११०५.५९ | १४८२ | ३३७ |
| ६ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ६२९.३६ | ८३८.२ | ३४३.५ |
| ७ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ६२९.२६ | ८४३.५ | ४१२.६ |
| ८ | कामना सेवा विकास बैंक लिमिटेड | ४३८.०३ | ५६४.८ | ३४१ |
| ९ | लुम्बिनी विकास बैंक लिमिटेड | ४२३.८३ | ५६० | ३६१ |
| १० | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | ४१४.८७ | ६२५ | ३५४ |
| ११ | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ४०६.४१ | ४९७ | २८८ |
| १२ | महालक्ष्मी विकास बैंक लिमिटेड | ३९५.४३ | ४९८ | ३११.७ |
| १३ | गरिमा विकास बैंक लिमिटेड | ३९५.०७ | ५३१.४ | ३५०.१ |
| १४ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ३६४.६३ | ४८२ | ३३२.४ |
| १५ | ज्योति विकास बैंक लिमिटेड | ३४२.११ | ४४५ | २७५ |

## फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नेपाल फाइनान्स लिमिटेड | ७०८.२४ | २६१४.९ | ३६६.४ |
| २ | गुडविल फाइनान्स लिमिटेड | ६७१.५२ | १३५३ | ४३८ |
| ३ | मल्टीपर्पस फाइनान्स लिमिटेड | ६४६.९९ | ९३६.९ | ३५६.१ |
| ४ | सेन्ट्रल फाइनान्स लिमिटेड | ६१३.२१ | ८२० | ३३८.१ |
| ५ | आइसिएफसि फाइनान्स लिमिटेड | ६०९.८ | ९१० | ४८८ |
| ६ | मञ्जुश्री फाइनान्स लिमिटेड | ६०८.५९ | ९१७ | ४८६.१ |
| ७ | गोर्खाज फाइनान्स लिमिटेड | ५८६.८७ | १०४१ | ५४८ |
| ८ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | ५६७.५९ | ९५१.६ | ३३० |
| ९ | प्रोग्रेशिभ फाइनान्स लिमिटेड | ५५०.७४ | ८६५ | ३०९ |
| १० | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ५४८.९१ | १११७.९ | ३१० |
| ११ | रिलायन्स फाइनान्स लिमिटेड | ५४६.९७ | ८३८ | ३४९.४ |
| १२ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स क. लि. | ५३१.५९ | ७९५ | ३५६.७ |
| १३ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | ५१५.११ | ७५९ | ३४८ |
| १४ | जानकी फाइनान्स कम्पनी लिमिटेड | ५१४.०७ | १०८३.३ | ३८० |
| १५ | पोखरा फाइनान्स लिमिटेड | ४३४.६३ | ७९५ | ३३९.९ |

## उत्पादन तथा प्रशोधन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | युनिलिभर नेपाल लिमिटेड | ४६३५० | ५६८०५.८ | ३८४०० |
| २ | बोटलर्स नेपाल (बालाजु) लिमिटेड | १६५४८ | २२५०० | १४९०० |
| ३ | बोटलर्स नेपाल (तराई) लिमिटेड | १३१०५.५ | १८१०० | १२२०८.१ |
| ४ | हिमालयन डिष्टिलरी लिमिटेड | १२१४.५ | १७४९ | ११३६ |
| ५ | सर्वोत्तम सिमेन्ट लिमिटेड | ७९१.५८ | १०६० | ६९६.८ |
| ६ | घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड | ५५४.०५ | ६६८ | ४६० |
| ७ | शिवम् सिमेन्ट्स लिमिटेड | ५३८.२२ | ७७९.९ | ४७०.५ |
| ८ | सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड | ४६९.८८ | ६२४ | ४२२.१ |

## लगानी कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत २१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | सिईडिबि होल्डिङ्गस लिमिटेड | २४४३.२२ | २५०० | ६२७ |
| २ | नागरिक लगानी कोष | १९७०.५४ | २७०० | १८८७ |
| ३ | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | १६८४.६१ | १७१५ | ४७८.३ |
| ४ | हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड | १३७८.३२ | १८१६ | ८०८.५ |
| ५ | इमर्जिङ्ग नेपाल लिमिटेड | १२४५.१६ | १४५३.५ | ७३३.३ |
| ६ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | २७७.१ | ३६६.६ | १८८.१ |
| ७ | हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड | २७४.९९ | ३६० | १५८.१ |

# बिहीवार करीब ८ अर्बको कारोबार

**अभियान संवाददाता**

काठमाडौं

साताको अन्तिम कारोबार दिन बिहीवार नेप्से स्थिर जस्तै बनेको छ । यो दिन अघिल्लो कारोबार दिनभन्दा नेप्से परिसूचक ३ दशमलव ३५ अंकले मात्र माथि उक्लिएको हो । बिहीवारको कारोबारमा २ हजार ७३२ दशमलव ८५ विन्दुमा पुगेको नेप्से २ हजार ७०० दशमलव २३ विन्दुसम्म झरेको थियो ।

यतिबेला वित्तीय प्रणालीमा रहेको पर्याप्त तरलता धितोपत्र बजारमा भित्रिने सम्भावनालाई पनि जानकारहरूले औँल्याइरहेका छन् । नेपाल राष्ट्र बैंकमा नयाँ गभर्नर नियुक्तिपछि लगानीकर्ताले बजारप्रति निर्णय लिने तर्क पनि केही जानकारहरूको देखिन्छ । बिहीवारको कारोबार १५१ कम्पनीको धितोपत्र मूल्य घटेको छ भने ९३ कम्पनीको बढेको छ ।

ग्रीन भेन्चर्स लिमिटेडको शेयर मूल्य ९ दशमलव ९९ प्रतिशत बढेर प्रतिकित्ता ५०५ रुपैयाँ २० पैसा कायम भएको छ । यस दिन उपकार लघुवित्तको शेयर मूल्य सर्वाधिक ७ दशमलव ८५ प्रतिशत घटेर अन्तिम मूल्य ३ हजार ३०१ रुपैयाँ ६ पैसा कायम भएको छ ।

बिहीवार नेप्से स्थिर अवस्थामा रहेपनि कारोबार रकम भने बढेको छ । बुधवार ५ अर्ब ४४ करोड ४४ लाख रुपैयाँभन्दा बढीको १ करोड ४ लाख ४२ हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा बिहीवार ७ अर्ब ८४ करोड ४६ लाख रुपैयाँभन्दा बढीको १ करोड ५५ लाख २ हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

कुल कारोबार रकममा हिमालयन रिइन्स्योरेन्सले बिहीवार सर्वाधिक हिस्सा कायम गरेको छ । हिमालयन रिइन्स्योरेन्सको यस दिन ७२ करोड ३२ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको देखिन्छ । नेपाल पुनर्बीमा कम्पनीको शेयर कारोबार भने सर्वाधिक दोस्रो नम्बरमा रहेको छ । नेपाल पुनर्बीमा कम्पनीको भने यस दिन ५५ करोड ९९ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो ।

यस दिन चार समूहका परिसूचक मात्र बढेका छन् । 'अन्य' समूहको परिसूचक सर्वाधिक १ दशमलव ४५ प्रतिशत बढेको हो भने व्यापारको सर्वाधिक १ दशमलव ६६ प्रतिशत परिसूचक घटेको छ ।

**बजार पूँजीकरण बढ्यो**

बिहीवार बजार पूँजीकरण रू. ५ अर्ब ५७ करोडले बढ्दै रू. ४४ खर्ब ८९ अर्ब ३ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४४ खर्ब ८३ अर्ब ४६ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बिहीवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ३५ दशमलव ४० प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. २ अर्ब ७७ करोड ७१ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा 'अन्य' समूह रहेको छ । उक्त समूहको रू. १ अर्ब ३५ करोड ६८ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

बिहीवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. १ अर्ब ४४ करोड ३० लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ६७ करोड २० लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ७७ करोड १० लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४२ रहेको छ । जसबाट बिहीवारको बजारमा रू. ५४ करोड ७१ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| ग्रीन भेन्चर्स लिमिटेड | ५०५.२० | ९.९९ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ३,३०१.०६ | -७.८५ |
| सुपर मादी हाइड्रोपावर लिमिटेड | ९६३.४९ | ६.९५ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २,७८८.५० | -६.१३ |
| राधी विद्युत् कम्पनी लिमिटेड | ४४०.६१ | ४.९० | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २,४२४.१५ | -६.१२ |
| एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ९०१.९६ | ४.६३ | बोटलर्स नेपाल (बालाजु) लिमिटेड | १६,५४८.०० | -५.८७ |
| ९% नेपाल एसबिआई बैंक ऋणपत्र २०८९ | १,०७९.०० | २.७५ | कुमारी सबल योजना | ८.९२ | -५.७१ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) |
|---|---|
| हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ७२.३२ |
| नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ५५.९९ |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | ४२.९७ |
| हिमालयन पावर पार्टनर लिमिटेड | ३४.०२ |
| राधी विद्युत् कम्पनी लिमिटेड | ३२.८७ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ७७.१० | ६७.२० | १४४.३० |
| ४२ | २५.३८ | २९.३३ | ५४.७१ |
| ४४ | ३५.७६ | १८.१० | ५३.८६ |
| ३४ | २४.४७ | २८.२६ | ५२.७३ |
| ४५ | २४.९८ | २६.९७ | ५१.९५ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | २७७.७१ | ३५.४० |
| २ | अन्य | १३५.६८ | १७.३० |
| ३ | लगानी | ९४.०७ | ११.९९ |
| ४ | बैंकिङ्ग | ६३.५७ | ८.१० |
| ५ | जीवन बीमा | ५०.३६ | ६.४२ |
| ६ | विकास बैंक | ४२.६८ | ५.४४ |
| ७ | लघुवित्त | ३२.६५ | ४.१६ |
| ८ | उत्पादन तथा प्रशोधन | २८.१९ | ३.५९ |
| ९ | वित्त | २४.८५ | ३.१७ |
| १० | निर्जीवन बीमा | १६.३८ | २.०९ |
| ११ | संस्थापक शेयर | ६.५६ | ०.८४ |
| १२ | होटल तथा पर्यटन | ६.०० | ०.७७ |
| १३ | व्यापार | ४.४२ | ०.५६ |
| १४ | म्युचुअल फण्ड | १.१० | ०.१४ |
| १५ | ऋणपत्र | ०.१९ | ०.०२ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | अन्य | २,४७२.४७ | १.४५ |
| २ | बैंकिङ्ग | १,३७७.४३ | ०.९६ |
| ३ | निर्जीवन बीमा | १२,३४२.५० | ०.५९ |
| ४ | जलविद्युत् | ३,५०४.९१ | ०.०३ |
| ५ | लगानी | ११०.२४ | -०.०३ |
| ६ | होटल तथा पर्यटन | ६,४२७.५० | -०.१२ |
| ७ | विकास बैंक | ५,५००.५० | -०.१७ |
| ८ | म्युचुअल फण्ड | १९.२१ | -०.२४ |
| ९ | लघुवित्त | ४,८४६.८९ | -०.३७ |
| १० | जीवन बीमा | १३,४२०.९२ | -०.६६ |
| ११ | उत्पादन तथा प्रशोधन | ७,०३२.२९ | -०.९८ |
| १२ | वित्त | २,५९५.८० | -१.५९ |
| १३ | व्यापार | ४,७९६.३८ | -१.६६ |

# हेवा खोला ए जलविद्युत् आयोजनाबाट पुनः विद्युत् उत्पादन शुरू

काठमाडौं (अस) । २०८० साल असार २ गतेदेखि बाढीले क्षति पुऱ्याएसँगै बन्द रहेको १४ दशमलव ९ मेगावाट क्षमताको हेवा खोला जलविद्युत् आयोजना पुनः सञ्चालनमा आएको छ । आयोजनाको पूर्ण निर्माण तथा मर्मत कार्य सम्पन्न गरी आयोजनाका दुवै युनिट टेस्टिङ कार्य गरी विद्युत् उत्पादन गरिएको भनाइ कम्पनीको छ ।

असारमा आयोजनामा पुगेको क्षतिलाई मर्मतसम्भार गरी असोज १५ गतेदेखि विद्युत् उत्पादन गर्ने लक्ष्य कम्पनीको थियो । तर, गत असोज ११ गतेदेखि देशव्यापी रूपमा परेको अविरल वर्षाका कारण हेवा खोलामा आएको बाढीले असोज १२ गतेदेखि पुनः पावरहाउस तथा बाँधका संरचनाहरूमा क्षति पुगेको थियो । पाँचथर पावर कम्पनीले यो आयोजना सञ्चालन गरेको हो ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना**

(प्रथम पटक प्रकाशन मिति २०८१/१२/२२)

श्री गोलखाडल सा.व.उ.स, लेखबेशी न.पा.१०, सुर्खेतको वन क्षेत्रबाट उत्पादित विभिन्न जातको गोलिया काठ १०९ थानको १०४८.६३ क्यूफिट र दाउरा विभिन्न जातको १ चट्टा जे जस्तो अवस्थामा छ, आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक सूचिकृत स:मिल, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारी समूहको कार्यालयसँगै डिभिजन वन कार्यालय सुर्खेत, वीरेन्द्रनगरमा, सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयमा टाँस गरिएको छ ।

**श्री गोलखाडल सामुदायिक वन उपभोक्ता समूह**
**लेखबेशी नगरपालिका-१०, सुर्खेत**

## धितो लिलामी गर्ने बारे पुन ७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/१२/२२ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले **न्युरोड** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८०/११/०९ गते नागरिक दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना तथा मिति २०८१/०२/३० गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम गर्ने बारे ३५ दिने सार्वजनिक सूचना, मिति २०८१/०६/०६ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम गर्ने बारे १५ दिने सार्वजनिक सूचना, मिति २०८१/०७/०६ गते अन्नपुर्ण राष्ट्रिय दैनिकमा धितो लिलाम गर्ने बारे ७ दिने सूचना र मिति २०८१/१२/१३ गते कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम गर्ने बारे पुन : ७ दिने सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको सावाँ, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धि ७ दिने सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साबिकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम **कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।**

**ऋणी संस्थाको नाम** : श्री मिलन बहुउद्देश्यीय सहकारी संस्था लि। **रजिष्टर्ड ठेगाना** : का.म.न.पा.-२३ नयाँ सडक काठमाण्डौं । **हालको ठेगाना:** का.म.न.पा.-२२, काठमाण्डौं **दर्ता नं:** ५०८/०५६/५७

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : भागवत श्रेष्ठ (अध्यक्ष जमानीकर्ता)**
बाबु : बालकृष्ण श्रेष्ठ
बाजे : चेतकृष्ण श्रेष्ठ
ना प्र नं. : २६३०/७८६५
ठेगाना : का.म.न.पा.-१६, काठमाण्डौं

**२) नाम : अमुल्य मानन्धर (उपाध्यक्ष जमानिकर्ता)**
बाबु : बेखा नारायण मानन्धर
बाजे : जोग नारायण मानन्धर
ना.प्र.नं : ८७३७
ठेगाना : काठमाण्डौं-३०, काठमाण्डौं

**३) नाम : अनिल कुमार श्रेष्ठ (सचिव जमानीकर्ता )**
बाबु : हिरा काजी श्रेष्ठ
बाजे : रुद्र मान श्रेष्ठ
ना.प्र.नं : १९९८३
ठेगाना : का.म.न.पा.-२४, काठमाण्डौं

**४) नाम : दिनेश बज्र बज्राचार्य (कोषाध्यक्ष जमानिकर्ता)**
बाबु : सिद्धि बज्र बज्राचार्य
बाजे : दुर्गा बज्र बज्राचार्य
ना.प्र.नं :२७-०१-७५-११३६८
ठेगाना : का.म.न.पा.-२७, काठमाण्डौं

**५) नाम : किरण लाल श्रेष्ठ (संचालक जमानिकर्ता)**
बाबु : पुण्य लाल श्रेष्ठ
बाजे : जगत लाल श्रेष्ठ
ना.प्र.नं : ४५१०
ठेगाना : का.म.न.पा.-२७, काठमाण्डौं

**६) नाम : अनिल रत्न तुलाधर (संचालक जमानिकर्ता )**
बुवा : तेज रत्न तुलाधर
बाजे : रजनी स्थापित
ना.प्र.नं : ४५२७/१९५१
ठेगाना : का.म.न.पा.-३०, काठमाण्डौं

**७) नाम : सुशिल कुमार श्रेष्ठ (संचालक जमानिकर्ता)**
बाबु : जगत कृष्ण श्रेष्ठ
बाजे : चन्द्र कृष्ण श्रेष्ठ
ना.प्र.नं : ५३२३/१०३/१५२५
ठेगाना : काठमाण्डौं-२७, काठमाण्डौं

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २२ स्थित **श्री मिलन बहुउद्देश्यीय सहकारी संस्था लि.** को नाममा मालपोत कार्यालय डिल्लीबजार मा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ३० को कित्ता नं.२६०६ को क्षेत्रफल १५८९.८० ब.मि. जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु. ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा Kumari Bank LTD पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.००१०००१४८६६००००१ मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै न्युरोड शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ७ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय न्युरोडमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्न सकिने अन्तिम दिनको कार्यालय समयभित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सकिने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेका धितोहरु आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National Co-operative Bank Limited (NCBL) राष्ट्रिय सहकारी बैंक लिमिटेड**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop

# नेपाल माइक्रो इन्स्योरेन्स नेप्सेमा सूचीकृत

काठमाडौं (अस) । नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत भएको छ । कम्पनीले प्रतिकित्ता १०० रुपैयाँ अंकित मूल्यका कुल ७५ लाख कित्ता शेयर चैत २१ गते नेप्सेमा सूचीकृत गराएको हो । नेप्सेमा कम्पनीको संस्थापक तर्फको ५२ लाख ५० हजार कित्ता र सर्वसाधारण तर्फको २२ लाख ५० हजार कित्ता शेयर सूचीकृत भएको हो । कम्पनी दोस्रो बजारमा एनएमआईसी सिम्बोलबाट सूचीकृत भएको छ ।

चैत २१ गते सूचीकृत भएको कम्पनीको यी शेयरमध्ये संस्थापक र सर्वसाधारणतर्फको कर्मचारी र सामूहिक लगानी कोष बाहेकका शेयर आगामी कारोबार दिन देखि कारोबारमा आउनेछन् । संस्थापक र कर्मचारीहरूले सर्वसाधारणमा आईपीओ बाँडफाँट भएको मितिले तीन वर्षसम्म शेयर कारोबार गर्न नपाउने व्यवस्था छ भने सामूहिक लगानी कोषको स्वामित्वमा रहेको शेयर ६ महीनासम्म लक-इनमा रहनेछ ।

नेप्सेले कम्पनीको पहिलो कारोबारका लागि न्यूनतम प्रतिकित्ता १०० रुपैयाँ ८० पैसादेखि अधिकतम ३०२ रुपैयाँ ४० पैसासम्मको मूल्य रेञ्ज तोकेको छ । नेप्सेले कम्पनीको वास्तविक प्रतिशेयर नेटवर्थका आधारमा त्यसको तीन गुणासम्मको अधिकतम मूल्य पहिलो कारोबारका लागि तोकेको हो । गत फागुन २३ गते सर्वसाधारणमा आईपीओ बाँडफाँट गरेको कम्पनीले करीब एक महीनामा शेयर सूचीकृत गरेको देखिन्छ ।

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्वावीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय :**
**बालुवाटार, काठमाण्डौ**
**फोन: ०१-४५२१८६१/६२/६३**

## कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८१/१२/२२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक**

**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०१/०५ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि १५ (पन्ध्र) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणी/अक्ष्यक्ष/अ.प्रा.व्यक्ति/जमानीकर्ताको विवरण**

**१) ऋणीः ओटो केयर प्रा. लि.**
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौं
दर्ता नं. : १९८७८०/०७५/०७६
दर्ता मिती : २०७५/०५/३१
ठेगाना : शिवराज-०५, कपिलवस्तु
पान नं. : ६०६५९३६६३

**अक्ष्यक्ष/अ.प्रा.व्यक्ति/जमानीकर्ताको नामः नूरहसन**
बाबुको नाम : रउफ खाँ
बाजेको नामः हसन रजा खाँ
ठेगाना : विरपुर-९, कपिलवस्तु
हालः शिवराज-५, कपिलवस्तु
ना.प्र.नं.: २६७९
जारी गर्ने कार्यालय : जि.प्र.का., कपिलवस्तु
जारी मिति : २०४५/०१/१३

**कर्जा लिएको शाखा कार्यालय : गोरुसिङ्गे, कपिलवस्तु**

**जमानीकर्ताको विवरण**

**क) नाम : शहनाज खातुन**
बाबुको नामः इसराफ अहमद
पतिको नामः नुरहसन
ससुराको नाम : रउफ खाँ
ठेगानाः विरपुर-०९, कपिलवस्तु
हालः शिवराज-०५, कपिलवस्तु
ना.प्र.नं.: ४/०६/६२०९
जारी मितिः २०६३/०३/१२
जारी गर्ने कार्यलय : जि.प्र.का., कपिलवस्तु

**ख) नाम : नुर आलम खाँ**
बाबुको नामः हसन रजा खाँ
बाजेको नाम : सहादत्त खाँ
ठेगानाः चनई-०८, कपिलवस्तु
हालः शिवराज-०५, कपिलवस्तु
ना.प्र.नं.:३९३, जारी मिति :२०४०/०४/२९
जारी गर्ने कार्यलय : जि.प्र.का., कपिलवस्तु

**ग) नाम : मो.सोयव खाँ**
बाबुको नाम : नुर आलम खाँ
बाजेको नामः हसन रजा खाँ
ठेगाना : शिवराज-४, कपिलवस्तु
हालः शिवराज-५, चन्दौटा कपिलवस्तु
ना.प्र.नं.: ३८२०६०-१७८३०
जारी गर्ने कार्यालय : जि.प्र.का., कपिलवस्तु
जारी मिति : २०७०/०५/१०

**घ) नाम : प्रवेज आलम खाँ**
बाबुको नामः हसन रजा खाँ
बाजेको नामः सहादत्त खाँ
ठेगानाः चनई-०८, कपिलवस्तु
हालः शिवराज-०५, कपिलवस्तु
ना.प्र.नं.: ३५९/१७८३, जारी मितिः २०४५/०१/२२
जारी गर्ने कार्यलय : जि.प्र.का., कपिलवस्तु

**जमानीकर्ताको विवरण**

**ङ) नामः तसलिमुन निसा खाँ**
बाबुको नामः अब्दुल हमिद खाँ
पतिको नामः प्रवेज आलम खाँ
ससुराको नामः हसन रजा खाँ
ठेगानाः चनई-०८, कपिलवस्तु
हालः शिवराज-०५, कपिलवस्तु
ना.प्र.नं.: ३८८५, जारी मितिः२०५८/१०/०४
जारी गर्ने कार्यलय : जि.प्र.का., कपिलवस्तु

**च) नाम : मोहम्मद बेलाल खाँ**
बाबुको नामः नूर आलम खाँ
बाजेको नामः हसन रजा खाँ
ठेगानाः चनई-०८, कपिलवस्तु
हालः शिवराज-०५, कपिलवस्तु
ना.प्र.नं.: ३८०२०६८०९००५
जारी मितिः २०६८/०९/१३
जारी गर्ने कार्यलय : जि.प्र.का., कपिलवस्तु

**छ) नाम : समसाद आलम खाँ (शेयरधनी)**
बाबुको नामः नुर आलम खाँ
बाजेको नामः हसन रजा खाँ
ठेगानाः चनई-०८, कपिलवस्तु
हालः शिवराज-०५, कपिलवस्तु
ना.प्र.नं.: २६८४, जारी मितिः२०५७/०३/२०
जारी गर्ने कार्यलय :जि.प्र.का., कपिलवस्तु

**ज) नाम : मो. जिशान खाँ**
बाबुको नामः प्रवेज आलम खाँ
बाजेको नामः हसन रजा खाँ
ठेगानाः शिवराज न.पा.-०४, कपिलवस्तु
हालः शिवराज-०५, कपिलवस्तु
ना.प्र.नं.: ३८-०२-७४-०४३९७
जारी मितिः२०७४/०८/२९
जारी गर्ने कार्यलय : जि.प्र.का., कपिलवस्तु

**झ) नाम : नूरैन निसा**
बाबुको नाम : अब्दुल गनी
पतिको नामः नुर आलम खाँ
ससुराको नामः हसन रजा खाँ
ठेगाना : चनई-०८, कपिलवस्तु
हालः शिवराज-०५, कपिलवस्तु
ना.प्र.नं.: ७३३, जारी मितिः२०४६/०२/२६
जारी गर्ने कार्यलय : जि.प्र.का., कपिलवस्तु

**सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय चन्द्रौटा, कपिलवस्तुमा मोहम्द बेलाल खाँ र मो.जिशान खाँको संयुक्त नाममा दर्ता कायम रहेको विरपुर वडा नं.८क स्थित कित्ता नं. ५६०३ को क्षेत्रफल १२२७.५७ वर्ग मिटर को घर/जग्गा साथै नुरहसनको नाममा दर्ता कायम रहेको विरपुर वडा नं.८क स्थित कित्ता नं. ५६९९ को क्षेत्रफल १७७.७६ वर्ग मिटर को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ " को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
शुक्रवार, २२ चैत २०८१ | Friday, 4 April 2025
आर्थिक अभियान



*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**काठमाडौंको तीनधारा पाठशाला अगाडि सेतो मच्छिन्द्रनाथको रथ निर्माण गर्दै गुठियारहरू । शनिवारदेखि शुरू हुन लागेको सेतो मच्छिन्द्रनाथ (आर्यावलोकितेश्वर)को रथ यात्राका लागि रथ निर्माण भइरहेको छ ।**

# सक्षम गभर्नरको अपेक्षामा निजीक्षेत्र

विराटनगर (अस) । सरकारले नेपाल राष्ट्र बैंकको नयाँ गभर्नर नियुक्तिको प्रक्रिया थालेसँगै निजीक्षेत्रको प्रतिनिधिमूलक संस्था उद्योग संगठन मोरङले समग्र अर्थतन्त्रको विकास तथा उद्योग व्यवसाय क्षेत्रको गतिलाई तीव्र बनाउन र नीतिगत सुधार गर्न सक्षम नेतृत्वको अपेक्षा गरेको छ ।

विगत केही वर्षदेखि अर्थतन्त्र र उद्योग व्यवसाय क्षेत्रमा देखिएको उदासीनतालाई ध्यानमा राखेर आर्थिक एवं वित्तीय क्षेत्रको गहिरो ज्ञान भएको, देशको मौद्रिक नीति, मुद्रास्फीति नियन्त्रण, ब्याजदर निर्धारण तथा वित्तीय स्थिरता जस्ता विषयमा दक्षता राख्ने व्यक्तिलाई गभर्नर नियुक्त गर्नुपर्नेमा संगठनले जोड दिएको छ ।

विगतमा राष्ट्र बैंकले अपनाएको कहिले अत्यन्त कसिलो त कहिले खुकुलो नीतिले आर्थिक एवं औद्योगिक क्षेत्र प्रभावित भएको संगठनको बुझाइ छ । यस्तो हुन नदिन,

**आर्थिक एवं वित्तीय क्षेत्रको गहिरो ज्ञान भएको, देशको मौद्रिक नीति, मुद्रास्फीति नियन्त्रण, ब्याजदर निर्धारण तथा वित्तीय स्थिरता जस्ता विषयमा दक्षता राख्ने व्यक्तिलाई गभर्नर नियुक्त गर्नुपर्नेमा संगठनले जोड दिएको छ ।**

देशको आर्थिक अवस्था सुधार ल्याउन, व्यावसायिक विकास बढाउन र दिगो आर्थिक वृद्धि हासिल गर्न नेपालका उद्योग, व्यापारका जटिलताहरूलाई समेत राम्रोसँग बुझेको योग्य नेतृत्व आवश्यक रहेको संगठनले जनाएको छ ।

नेपाल राष्ट्र बैंक नेपाल सरकारको आर्थिक सल्लाहकारको रूपमा रहने भएकाले अर्थतन्त्रका वर्तमान जटिल समस्यालाई सम्बोधन गर्दै स्वदेशी उद्योगहरूलाई विश्वस्तरमा प्रतिस्पर्धी बनाउन उद्योग-व्यापारमैत्री नीति निर्माणको वातावरण बनाउन सक्ने, नेपालको वित्तीय प्रणालीलाई सुदृढ बनाउन सक्ने, आर्थिक वृद्धिका नयाँ अवसर सृजनामा मौद्रिक उपाय अवलम्बन गर्ने र अर्थतन्त्रलाई अग्रदिशामा बढाउन अन्य नीतिगत निर्णय लिन सक्ने गभर्नर नियुक्त हुने अपेक्षा गरिएको संगठनका अध्यक्ष राकेश सुरानाले बताएका छन् ।

तीतोमीठो

# अब देश कसले बचाउने ?



मदन लम्साल

अघिल्लो हप्ता राजा फर्काउन भनेर पाखुरामा कालोपट्टी, टाउकोमा रातोपट्टी, हातमा ब्यानरसहित शहरमा भिड लागेको थियो, जुलुस निस्किएको थियो । नाराले आकाश गुन्जायमान थियो, 'राजा आऊ देश बचाऊ !'

त्यही भिडभित्र एकजना क्रान्तिकारी देखिन्थे, देशका लागि मर्न र मार्न तयार, हातमा ब्यानर, मनमा आशा, अनि गलामा सुनको सिक्री । तर आन्दोलनको भिडमा बिचराको सिक्री भ्वाम भएछ । सिक्री हराएपछि देश बचाउने रहर पनि हराएछ ।

उनी टाउको समातेर भुइँमा बसे । राजा फर्किऊन् वा नफर्किऊन्, पहिला मेरो सिक्री त फर्काऊ भनेर चिच्याइरहेका थिए, रोइरहेका थिए ।

त्यतिकैमा एउटा आन्दोलनकारी जो आफूलाई 'नारीवादी' भन्थिन्, क्रुद्ध हुँदै भनिरहेकी थिइन्, 'यो के अन्याय हो ? किन राजा आऊ देश बचाऊ भनेको ! रानी आऊ देश बचाऊ किन नभनेको ? रानीको चैं के दोष ? देश चैं के राजाले मात्र बचाउने हो, रानीले होइन ?' भन्दै उफ्रिरहेकी थिइन् ।

राजावादी आन्दोलनकारीहरू अलमल्ल परे, हैन, हाम्रो नाराको मिटर बिग्रियो कि क्या हो ? एकजना नेताले झण्डा समाउँदै पुरुष पारामा उत्तर दिए-

'रानी आऊ भन्दा नारा म्याच नहुने, अर्थात् अनुप्राश अलि नमिलेकाले राजा आऊ भनेको ।'

तर नारीवादी दिदी 'अनुप्राश चाहिँदैन, समानता चाहिन्छ !' भन्दै अर्को क्रान्ति खोज्न भनेर भिडमा मिसिइन् ।

यता एउटा भिड आन्दोलनमा कुर्लिंदै थियो, उता भाटभटेनी सुपरमार्केटमा अर्को भिड उर्लिंदै थिए । उनीहरूलाई त राजा चाहिएको होइन रहेछ, खाजा पो चाहिएको रहेछ । शायद आन्दोलनकारीको लक्ष्य फेरिएछ । तेल, च्युरासहितको देश बचाउने योजना बनेछ ।

एउटा मूर्धन्य आन्दोलनकारी, हातमा केही केरा र स्याउ, च्युराको प्याकेट र ५ लिटर तेल बोकेर कुदिरहेका थिए । मैले सोधें, 'हैन आन्दोलन गर्न छाडेर कता भागेको ?'

उनले गम्भीर मुद्रामा उत्तर दिए, 'बजारमा सामानको भाउ महँगो भएको छ, राजा आउनुअघि नै अलि सस्तो दाउ पारौं कि भनेर अहिले चैं यता लागेको ।' साच्चै, आन्दोलनकारीहरूले मुद्रास्फीतिको महत्व चैं बुझिसकेका रहेछन् ।

यो आन्दोलनमा उपभोक्ताको मनोविज्ञान बुझ्न चाहनेका लागि एउटा गज्जबको मौका थियो । उदाहरणका लागि, महिलाहरू कपडा, कस्मेटिकका सामान बोकेर कुदिरहेका थिए । युवाहरू बियर र ह्विस्कीका बोतल बोकेर झुम्मिरहेका रहेका थिए । अधबैंशेहरू कोही पँखा त कोही घडीमा लामो हात हालिरहेका थिए । स्वास्थ्यप्रति सचेत अलि पाका मान्छेहरू स्याउ, सुन्तला खल्तीमा भरेर मस्त मुद्रामा लम्किरहेका थिए ।

**राजा आऊ देश बचाऊ भन्दाभन्दै राजाले नै खोलेको जडीबुटी कम्पनीमै आगो झोसेर खरानी बनाएछन् । सरकारले उद्योग चलाउने हो र ? भन्ने थ्याचरिजका अनुयायीहरू पो रहेछन् क्यारे ऊनीहरू । अझ नारायणहिटी दरबारतिर जान पाएको भए त दरबार पनि खरानी पार्थे कि जस्तो देखिन्थ्यो । राजा ल्याउने यो तरीका पनि गजबको लाग्यो ।**

त्यतिकैमा अर्को आन्दोलनकारीले अलि लजाउँदै भन्यो, 'न्याय नपाए गोर्खा जानु भन्थे, आन्दोलनकारीले चैं राजा नआए भाटभटेनी जानु भन्नै चैं बुझेछन् । अर्को कुरा, आन्दोलन कहिल्यै खाली पेटमा गर्नु हुँदैन रहेछ कि क्या हो ।'

राजा आऊ देश बचाऊ भन्दाभन्दै राजाले नै खोलेको जडीबुटी कम्पनीमै आगो झोसेर खरानी बनाएछन् । सरकारले उद्योग चलाउने हो र ? भन्ने थ्याचरिजका अनुयायीहरू पो रहेछन् क्यारे ऊनीहरू । अझ आन्दोलनकारीहरू नारायणहिटी दरबारतिर जान पाएको भए त दरबार पनि खरानी पार्थे कि जस्तो देखिन्थ्यो । राजा ल्याउने यो तरीका पनि गजबको लाग्यो ।

तर मेरो चिन्ता भने अर्कै थियो । घर, पसल, उद्योगहरू जलिरहेका थिए । विनाकाममा ज्यान गुमाउन पुगेका परिवार र आफन्तका मनहरू जलिरहेका थिए । धन्न विमानस्थल जलाउन भ्याएनछन् आन्दोलनकारीहरूले । कोही 'ए पुलिस कता भुलिस्' भन्दै सरकार र प्रहरी प्रशासनसँग आक्रोश पोख्दै थिए । आन्दोलनमा नलागेका, रमिता हेर्न भनेर अफिस वा घर छाडेर नभागेका र पेशा उद्यममा मात्र लागेकाहरू अब अगाडि कसरी चल्ने होला भनेर चिन्तित देखिन्थे । त्यसदिन राजा त फर्किएनन् । विगतमा माओवादी खाओवादी भएर सिद्धिए भन्छन् । यता गणतन्त्रवादी लडतन्त्रवादी मात्रै भएर निस्किए । राजा आउलान् र देश बचाउलान् भनेको पनि राजावादी झन् खाजावादी भएर पो निस्किए । अब देश कसले चैं बचाउँछ होला ?

समयसँगै भिड जम्मा हुँदै गयो, अनि साँझ परेपछि तितरबितर पनि भयो । साँझ शायद कतै जम्ने योजना पो थियो कि कत्तिको चैं । तर आन्दोलनको कमाण्डर बबण्डर गरेर कुन दुलोमा पसे थाहा भएन । आफू रत्ति पनि नडराएको, तर मरिन्छ कि भन्ने भएकाले सुरक्षित बसेको भनेर महान् सन्देश आयो । अब यिनैले पो बचाउने पो हुन् कि देश ? अर्थतन्त्र डुबेछि मात्रै देश बच्ने रहेछ कि क्या हो ?

अनि सामाजिक सञ्जाल तात्तियो, मिडियाले रिपोर्ट लेख्यो–

'यो राजावादी आन्दोलन हो कि महा-डिस्काउन्ट सपिङ फेस्टिवल ?'

तर साँझसम्म पनि राजा त फर्किएनन् । त्यसैले होला आन्दोलनकारीहरू हातहातमा सित्तैमा पाएको सामानहरू लिएर आआफ्नो घर फर्किए । राजावादीहरूले सामाजिक सञ्जालमा आन्दोलनको फोटा पोस्ट गर्दै क्याप्सन लेखेको देखियो, 'हामी इतिहास बनाउँदैछौं ।'

हो, इतिहास बनिसकेछ त ।

तथ्यांकोवाच

# चीजको विश्व आयात बजार ४३ अर्ब ३१ करोड अमेरिकी डलर

सन् २०२३ मा चीजको विश्व आयात ४३ अर्ब ३१ करोड अमेरिकी डलर बराबर रहेको छ । विश्व बजारमा अत्यधिक माग रहेको चीज उत्पादन तथा निर्यातको क्षेत्रमा नेपालले पनि आफ्नो क्षमताले भ्याउने क्षेत्रमा उपस्थिति जनाउन सक्ने रणनीति तर्जुमा हुन आवश्यक छ । सिंगो पहाडी र हिमाली क्षेत्र पशुपालन तथा दुग्ध उत्पादनका लागि उपयुक्त रहेको सन्दर्भमा यस क्षेत्रमा ठूलो सम्भावना रहेको छ ।

| आयातकर्ता मुलुकहरू | हजार अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा (प्रतिशत) | औसत भन्सार दर (प्रतिशत) |
|---|---|---|---|---|
| विश्व | ४३,३०६,५८७ | | १०० | |
| **प्रमुख मुलुकहरू** | | | | |
| जर्मनी | ५,६३९,५७४ | ८५८,३८३ | १३ | १३.९ |
| फ्रान्स | ३,०२५,३०५ | १,१५१,८९१ | ७ | १३.९ |
| इटाली | २,८१७,८३७ | २,५३३,८६२ | ६.५ | १३.९ |
| संयुक्त अधिराज्य | २,४६६,११० | -१,४४९,०९७ | ५.७ | १०.४ |
| बेल्जियम | २,२५६,२६५ | -६२९,१२२ | ५.२ | १३.९ |
| नेदरल्याण्ड्स | २,०५३,२८१ | ३,६२२,०८७ | ४.७ | १३.९ |
| स्पेन | १,८६९,५९२ | -१,०५१,५४१ | ४.३ | १३.९ |
| संयुक्त राज्य अमेरिका | १,८२४,६२१ | ३७०,९९९ | ४.२ | १६.३ |
| जापान | १,४०५,९१५ | -१,३९१,४३५ | ३.२ | २२.७ |
| साउदी अरेबिया | ९७४,६९४ | -५७९,०५९ | २.३ | ५.२ |
| चीन | ९६७,७३६ | -९६५,०६५ | २.२ | १५.५ |
| मेक्सिको | ८८७,०२९ | -८३७,९२४ | २ | २४.४ |
| द+ कोरिया | ८६२,५८६ | -८५३,७८६ | २ | २७.५ |
| स्वीडेन | ८११,२४१ | -६८४,६६७ | १.९ | १३.९ |
| अस्ट्रिया | ७६०,४७२ | १४२,२९२ | १.८ | १३.९ |
| ग्रीस | ७०५,५७८ | २९५,९५५ | १.६ | १३.९ |
| पोल्याण्ड | ६५३,७२८ | ५९६,२४८ | १.५ | १३.९ |
| अष्ट्रेलिया | ६२८,१४४ | ५६,६४० | १.५ | ५.८ |
| स्विट्जरल्याण्ड | ५९३,९५० | १६६,५४४ | १.४ | २४.२ |
| चेक गणराज्य | ५८९,३६९ | -१३०,७९७ | १.४ | १३.९ |
| रोमानिया | ५४८,६३५ | -४४१,८९१ | १.३ | १३.९ |
| डेनमार्क | ५३५,११८ | १,६०३,६२३ | १.२ | १३.९ |
| संयुक्त अरब इमिरेट्स | ४९४,५२९ | -३९१,७०५ | १.१ | ४.५ |
| क्यानाडा | ४७४,९१३ | -३९३,८३६ | १.१ | २४५.५ |
| लक्जमबर्ग | ४२३,५१७ | -४१,७०० | १ | १३.९ |
| पोर्चुगल | ३९४,४८८ | -३१४,७६४ | ०.९ | १३.९ |
| फिनल्याण्ड | ३७६,५५० | -३२६,६३१ | ०.९ | १३.९ |
| हंगेरी | ३४४,९२६ | -११५,०६४ | ०.८ | १३.९ |
| इराक | ३३९,६५४ | -३३९,२३३ | ०.८ | ... |
| आयरल्याण्ड | ३२०,२८० | १,११०,०९० | ०.७ | १३.९ |
| चिली | ३११,९५२ | -२७७,६९३ | ०.७ | ४.२ |
| स्लोभाकिया | ३०५,९७७ | -९४,६८७ | ०.७ | १३.९ |
| कुवेत | २४५,२८३ | -२४२,५५७ | ०.६ | ४.५ |
| एल साल्भाडोर | २१६,२५४ | -१८३,१४० | ०.५ | २३.६ |
| ब्राजिल | २१३,३६८ | -१९२,७८१ | ०.५ | १९.८ |
| क्रोएसिया | २०५,१४९ | -१५९,६५८ | ०.५ | १४.३ |
| फिलिपिन्स | २०३,१८२ | -१९९,८२४ | ०.५ | ५.३ |
| युक्रेन | २००,७०७ | -१६०,७७३ | ०.५ | ८.३ |
| ताइपेई, चिनियाँ | १८७,६३३ | -१८७,२२४ | ०.४ | ७.८ |
| डोमिनिकन गणराज्य | १८३,६२३ | -१८१,२१० | ०.४ | १६.६ |
| मलेसिया | १७४,३१७ | -१६१,४७९ | ०.४ | ० |
| बुल्गेरिया | १७३,१९१ | -४१,७३४ | ०.४ | १३.९ |
| लिबिया, राज्य | १७२,०७१ | -१७२,०७१ | ०.४ | ० |
| मोरक्को | १६३,९४३ | -१५२,८१९ | ०.४ | २५ |
| जोर्डन | १६३,२४३ | -१२८,८२९ | ०.४ | ० |
| नर्वे | १५८,४०९ | -१५४,७९५ | ०.४ | ७२.३ |
| स्लोभेनिया | १५७,६०८ | -११२,०७७ | ०.४ | १३.९ |
| ओमान | १५५,२३६ | -१४४,९७६ | ०.४ | ४.५ |
| काजाकिस्तान | १५३,७७२ | -१४५,११९ | ०.४ | १०.७ |
| इन्डोनेसिया | १४३,८१२ | -१३३,१४७ | ०.३ | ४.६ |
| ग्वाटेमाला | १४१,५४० | -१३९,७०७ | ०.३ | १४ |
| सिंगापुर | १२४,३५१ | -९९,९८४ | ०.३ | ० |
| लिथुआनिया | ११९,२८१ | १५३,५७३ | ०.३ | १३.९ |
| थाईल्याण्ड | ११८,८१२ | -११२,०९८ | ०.३ | २२.३ |
| लेबनान | ११२,२८२ | -११०,५९९ | ०.३ | २९.२ |
| रूसी संघ | १०७,६५६ | -७,९३३ | ०.२ | १०.८ |
| इजरायल | १०४,३६० | -९५,४७९ | ०.२ | २२.६ |
| बहराइन | ९९,१५४ | ३४०,२९८ | ०.२ | ४.५ |
| हङकङ, चीन | ९८,४२१ | -८९,७४८ | ०.२ | ० |
| इजिप्ट | ९५,२७८ | ७२,६१५ | ०.२ | ४.८ |
| यमन | ९४,९३७ | -९४,८६८ | ०.२ | ४.६ |
| साइप्रस | ८६,८०० | २५८,६६९ | ०.२ | १३.९ |
| पनामा | ८५,६३५ | -८५,५३५ | ०.२ | २५ |
| न्यूजील्याण्ड | ८५,२५८ | १,७०४,०४७ | ०.२ | ० |
| भियतनाम | ८१,४२१ | -६४,२३१ | ०.२ | ४.९ |
| कतार | ८०,४०० | -७९,७३९ | ०.२ | ४.५ |
| अल्जेरिया | ७८,१६२ | -७८,१५० | ०.२ | २७.८ |
| इस्टोनिया | ६७,५२१ | ६१,९२४ | ०.२ | १३.९ |
| सर्बिया | ६५,९३४ | -११,३६५ | ०.२ | २६.३ |
| बोस्निया र हर्जगोभिना | ६३,८८१ | -५५,२६४ | ०.१ | १७.३ |
| टर्की | ६२,४६७ | १५८,७१५ | ०.१ | १३१.८ |
| माल्टा | ५१,७३० | -५१,४३९ | ०.१ | १३.९ |
| त्रिनिदाद र टोबागो | ५१,७०५ | -५१,१०६ | ०.१ | ४.७ |
| पेरु | ४८,६०१ | -४५,४२१ | ०.१ | ० |
| मोल्डोभा, गणराज्य | ४७,१७२ | -४०,४४३ | ०.१ | ८.१ |
| कोलम्बिया | ४४,१९७ | -३६,१५८ | ०.१ | १७.४ |
| मौरिसस | ४१,८५२ | -४१,५६९ | ०.१ | ० |
| होन्डुरास | ४१,२९७ | -२४,२६३ | ०.१ | २३.६ |
| कोस्टा रिका | ४१,१४१ | -२८,०४८ | ०.१ | ४६.१ |
| दक्षिण अफ्रिका | ४०,२०४ | १८,०७० | ०.१ | ४.७ |
| क्युबा | ३९,६६३ | -३९,६६३ | ०.१ | १७.६ |

*स्रोत : आइटिसी ट्रेडम्याप*

# कुलमानको रिटमा सर्वोच्चले दिएन अन्तरिम आदेश



काठमाडौं (अस) । सर्वोच्च अदालतले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट पदमुक्त भएका कुलमान घिसिङको रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । बिहीवार न्यायाधीशद्वय डा. कुमार चुडाल र नित्यानन्द पाण्डेयको संयुक्त इजलाशले कुलमानको पक्षमा अन्तरिम आदेश दिन अस्वीकार गर्दै मुद्दालाई अग्राधिकारको आदेश दिएको हो ।

'निवेदकलाई नियुक्ति गरेको मिति २०७८ साउन २५ को नियुक्ति नै कानूनसम्मत नरहेको भनी हितेन्द्रदेव शाक्यले दायर गरेको रिट निवेदन यसै अदालतमा विचाराधीन रहेको सन्दर्भमा चार वर्ष पदावधि तोकी नियुक्त नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक सो अवधि व्यतीत नहुँदै पदमुक्त हुनेगरी सोही पदमा अर्को व्यक्ति नियुक्त हुने वा गर्ने कार्यको वैधताको समान प्रश्न निहित रहेको रिट निवेदनसमेत विचाराधीन देखिँदा उक्त रिट निवेदनको अन्तर वस्तुमा नै प्रभाव पर्नेगरी तत्काल निवेदन मागबमोजिम अन्तरिम आदेश जारी हुन मनासिब हुने देखिएन,' आदेशमा भनिएको छ ।

रिट निवेदनमा उठाइएको विषयवस्तुको गाम्भीर्यलाई ध्यानमा राखेर चाँडै निरूपण गर्नुपर्ने सर्वोच्चको ठहर छ । ११ चैतमा बसेको मन्त्रिपरिषद् बैठकले कुलमानलाई कार्यकारी निर्देशकबाट पदमुक्त गरी हितेन्द्रदेव शाक्यलाई नियुक्त गर्ने निर्णय गरेको थियो । सरकारको यो निर्णयलाई चुनौती दिँदै घिसिङ सर्वोच्च पुगेका थिए । कार्यकाल बाँकी छँदै सरकारले बदनियतपूर्वक हटाएको भन्दै उनले अन्तरिम आदेश माग गर्दै रिट हालेका थिए । १५ चैतमा रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्चले कारण देखाऊ आदेश जारी गरेको थियो ।

# 'भिजिबिलिटी' कम हुँदा हवाई उडान प्रभावित



काठमाडौं । केही दिनयतादेखि काठमाडौंमा बाक्लो तुवाँलो लाग्दै आएकाले 'भिजिबिलिटी' कम हुँदा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा हवाई उडान तथा अवतरण प्रभावित बन्न थालेका छन् । केही दिनदेखि काठमाडौंको आकाशमा बाक्लो तुवाँलो लाग्दै आएकाले भिजिबिलिटी कम भएर 'आइएफआर' प्रविधिबाट उडान, अवतरण भइरहेको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलका प्रमुख एवं महाप्रबन्धक जगन्नाथ निरौलाले जानकारी दिए ।

उनले भने, 'बाक्लो तुवाँलोले भिजिबिलिटीमा कमी आएपछि आइएफआर प्रविधिबाट उडान/अवतरण भइरहेको छ । सोही कारणले साविकको तुलनामा जहाजको व्यवस्थापनमा केही ढिला हुँदै आएको छ । उडान तथा अवतरण भने हालसम्म रद्द गरिएको छैन ।'

विमानस्थलमा बिहीवार दिउँसो तीन हजार मिटरको भिजिबिलिटी रहेको महाप्रबन्धक निरौलाले जानकारी दिए । उनका अनुसार बाक्लो तुवाँलोका कारण बिहीवार बुद्ध एयरका तीन माउन्टेन फ्लाइटमध्ये दुईओटा भैरहवा, एउटा जनकपुर तथा यती एयरलाइन्स र श्री एयरलाइन्सका एक-एक माउन्टेन फ्लाइट भैरहवा 'डाइभर्ट' भएका छन् । *रासस*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित   प्रधान सम्पादक : मदन लम्साल   सम्पादकीय निर्देशक : केशव गौतम   कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ   पाञ्चायनमार्ग, थापाथली, काठमाडौं   पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७   इमेल : editorial@abhiyan.com.np   मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर